प्राविधिक र गुणस्तरीय शिक्षा अहिलेको आवश्यकता: राष्ट्रपति | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ३०७ • २०८० साल चैत्र २४ गते शनिबार (6 April, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# सुनसरीमा गोली र अश्रुग्यास चल्यो

## कफ्र्यु लागु, दुई दर्जन बढी घाइते, निषेधित क्षेत्रमा प्रदर्शन

**टुडे समाचारदाता**

इनरुवा । कोशी प्रदेशको सुनसरी जिल्लामा शुक्रबार दुई समुदाय बीचको झडप नियन्त्रण गर्न प्रहरीले दर्जनौ राउण्ड अश्रुग्यास र हवाई फायर गरेको छ ।

प्रशासनले सुनसरी जिल्लाको हरिनगर र भुटहामा लगाएको कफ्र्यु तोड्दै प्रदर्शन भएको थियो । सनातन धर्मावलम्बीहरुले बिहानदेखि नै प्रदर्शनमा उत्रेपछि ठाउँठाउँमा प्रहरी सित झडप भएको थियो । दुई समुदायलाई आमुनेसामने हुन नदिन प्रहरीले दिनभरि नै अश्रुग्यास र हवाई फायर गरेको थियो । झडपको क्रममा सुरक्षाकर्मी तर्फ पनि दुई दर्जन बढी घाइते भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता समेत रहेका डीएसपी अनिल कृष्ण भण्डारीले बताए ।

'सुरक्षा व्यवस्थालाई बनाइ राख्ने क्रममा सुरक्षाकर्मी तर्फ ठूलो संख्यामा घाइते भएको छ' उनले भने, प्रहरीले अश्रुग्यास र हवाई फायर गरी भीडलाई नियन्त्रण गर्ने प्रयास गरेको हो । हवाईफायर र



अश्रुग्यास चलाएर उग्र प्रदर्शनलाई नियन्त्रणमा लिएर ठूलो क्षति हुनबाट जोगाएको उनले बताए ।

तर प्रदर्शनकारीहरुले शान्तिपूर्ण रुपमा विरोध गरिरहेको बेला प्रहरीले अनावश्यक रुपमा बल प्रयोग गरेको आरोप लगाएका छन् । उनीहरुले दोषीलाई कारबाही गर्न प्रहरीले चासो नदेखाएको र न्यायको माग गर्ने उपर बल प्रयोग गरिएको आरोप लगाएका छन् । प्रहरीको लाठी र अश्रुग्यास प्रहारबाट दर्जनौं प्रदर्शनकारी घाइते भएको उनीहरुले दाबी गरेका छन् ।

भुटहामा एकजना युवा जीवन मेहतालाई एउटा समुदायका मानिसहरुले निर्घात कुटपिट गरेका थिए । घाइते मेहतालाई उपचारका लागि धरान पठाइएको हो । उनको अवस्था सामान्य रहेको डीएसपी भण्डारीले बताए । घटनाको विषयमा प्रहरीलाई औपचारिक रुपमा जानकारी नगराइए पनि घटनाबारे सुचना प्राप्त हुना साथ अनुसन्धान थालिएको उनले बताए ।

त य स क ा ` विरोधमाशुक्रबारसबेरैदेखिसनातन धर्मावलम्बीहरुले ठाउँठाउँमा प्रदर्शन गरेका हुन् । स्थितिलाई बिग्रन नदिन दुवै पक्षलाई आमुनेसामने हुनबाट प्रहरीले जोगाएको दाबी गरेको छ ।

हिन्दू धर्मावलम्बीहरुले मेहतामाथि कुटपिट गर्नेहरुलाई कारबाहीको माग गर्दै प्रदर्शन गरेको बताएका छन् । धार्मिक आस्थाको आधारमा भएको कुटपिटमा संलग्नहरुलाई प्रहरीले कारबाही गर्न चासो नदेखाए पछि प्रदर्शन गर्न बाध्य भएको प्रदर्शनकारीहरुले बताएका छन् ।

स्थानीय प्रशासनले लगाएको कफ्र्यु उल्लंघन गर्दै प्रदर्शनकारीहरुले सडकमा 'जय श्रीराम, जय श्रीराम'को नारा सहित टायर बालेका थिए ।

प्रदर्शनकारीहरुले हरिनगर गाउँपालिकामा तोडफोड गर्दै आगजनीको प्रयास गरेको र भुटहा विद्यालयको परीक्षा केन्द्रमा आक्रमण गर्न खोजेको प्रहरीले आरोप लगाएको छ ।

स्थिति नियन्त्रणमा लिन समस्या भएपछि साँझ ५ बजेदेखि सदरमुकाम इनरुवा नगरपालिका सहित ५ स्थानीय तहमा अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरिएको छ ।

शान्ति सुरक्षाको संवेदनशीलतालाई दृष्टिगत गरी सम्भावित क्षति कम गर्न तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न हरिनगर, देवानगञ्ज, कोशी, भोक्राह नरसिंह र इनरुवा नगरपालिका क्षेत्रमा कर्फ्यु लगाइएको कामु प्रमुख जिल्ला अधिकारी बेदराज फुयालले बताए ।










# छोरी शिक्षाको प्रवर्द्धन गर्न स्थापित मधेशको क्याम्पस

**जनकपुरधाम** । अहिले पनि मधेसका छोरीचेलीहरू दाइजो प्रथाका कारण हिंसामा परेका खबर बेलाबेला आइरहेकै छन् । झन् विसं २०५० को दशकमा कस्तो अवस्था थियो होला ! ऊबेला 'एकपटक विहे गर्नैपर्ने त हो नि' भनेर अभिभावकले कलिलै उमेरमा छोरीचेलीको विहे गरिदिनु सामान्य नै थियो । तर राम्रो शिक्षादिक्षा दिनुको सट्टा कलिलै उमेरमा विहे गरिदिँदाको परिणाम सुखद हुन्थेन ।

एकातिर शिक्षा र उमेरका हिसाबले हुने अधिकांश बेमेल विवाह सङ्कटमा पर्थे । अर्कोतिर दाइजो, हिंसा, बहुविवाह, दुई परिवारबीचमा कलहजस्ता समस्या उत्पन्न हुन्थे । यस्तै समस्या देखिन थालेपछि जनकपुरधाममा 'दाइजो उन्मुलन सङ्घ'का नाममा दाइजो विरोधी अभियानसमेत सुरु हुँदै थियो । त्यसका लागि कचहरी बस्थे । दण्ड र जरिवानाका कुरा पनि हुन्थे । तर त्यतिबेला जनकपुरधामका केही युवालाई यी कुरा फिटिक्कै मन पर्थेनन् ।

युवाहरूको मत हुन्थ्यो, "छोरीको भविष्यका लागि कुनै लगानी नै नगरेर डाक्टर, इञ्जिनियर वा जागिरे केटालाई जिम्मा लगाउन खोज्नु दाइजो दिनुभन्दा झन् ठूलो समस्या हो । त्यसैले सके छोरीचेलीमा लगानी गर, नभए विहे गरेकी छोरीचेलीलाई केही दिन नपाए हुन्थ्यो भन्ने अपेक्षा नगर । दाइजो लेऊ वा देऊ ।"

यस्तो विचार कसैलाई मनपर्ने कुरै भएन । तर पनि ती युवा आफ्नो कुरा भन्न छाड्थेनन् । त्यसो भन्नेमध्ये एक हुनुहुन्थ्यो जनकपुरधामका वीरेन्द्रकुमार साह । आफूहरूले राख्ने फरक मतबारे स्मरण गर्दै उहाँ भन्नुहुन्छ, "आफ्नो छोरीचेलीमा लगानी नगर्ने, असल अभिभावकत्व लिन नचाहने अनि १० कक्षासमेत नपढाएर बिहे गरिदिने ! घरमा हुँदा लगानी नगर्ने र भविष्यको सुरक्षाबारे सोच्दै नसोची कथित धेरै पढेको केटा खोज्ने नाममा बेमेल विवाह गर्ने हो भने भोलि तपाईँ हाम्रै छोरीचेली समस्यामा पर्नसक्छन् । त्यसैले बेमेल विवाह नगर्न, छोरीमा लगानी गर्न र सम्पत्ति दिनुपर्छ भन्ने मत राख्थ्यौँ ।"

२५/३० वर्षका युवाले यस्तो भन्दा अनौठो हुने नै भयो । तर जब बेमेल विवाह भएका छोरीले दुःख पाइँ, ज्वाइँले अर्को विवाह गऱ्यो, हेलोहेचो गऱ्योजस्ता समस्या लिएर कचहरी बोलाइन्थ्यो, त्योबेला वीरेन्द्रलगायतका युवाहरूले आफ्नो जित भएको महसुस गर्थे । तर त्यो क्षणिक हुन्थ्यो ।

"हाम्रो उद्देश्य दाइजोको प्रवर्द्धन गर्ने थिएन । आफ्ना छोरीचेलीको सुखद भविष्यका लागि शिक्षादिक्षामा लगानी गरौँ, स्तर नै नमिल्ने गरी धेरै पढेलेखेको केटा खोज्ने बहानामा समस्यालाई निम्ता नदिऔँ भन्ने थियो", साहले रासससँग भन्नुभयो, "तर बुझ्नेले बुझे, नबुझ्नेले बेवास्ता गरे । कतिपयले छोरीचेली समस्यामा परेपछि पश्चाताप गरे ।"

तर कुरा गरेर मात्रै सुधार हुनेवाला थिएन । त्यसपछि छोरी नपढाउने र चाँडै विवाह गरिदिने कारणबारे सोधिखोजी भयो । साहले भनेअनुसार त्यसबाट दुईवटा कुरा थाहा भयो । पहिलो, त्यसबेला जनकपुर क्षेत्रमा ब्रह्मपुरी क्षेत्र भनेर चिनिने पहाडी समुदायको बसोबास रहेका ठाउँ, उच्च जाति भनिएका मधेसी समुदायमा छोरीचेली पढाउने चलन थियो तर अन्य बहुसङ्ख्यक समुदायले छोरीचेलीलाई पठाउँदैनथे ।

दोस्रो, असुरक्षाको कारण देखाएर छोरीलाई यहाँको मुरलीचोक नकटाउनेको सङ्ख्या धेरै थियो ।

किनकी रामस्वरुप रामसागर (आरआर) क्याम्पस पढ्न त्यो जमिन नाघेर अलि पर जानुपर्थ्यो । त्योभन्दा वर भरपर्दो विकल्प थिएन ।

समस्या समाधानका लागि सुरक्षा र अनुशासनको प्रत्याभूतिसहित जनकपुर बजार क्षेत्रमै एउटा उच्च शिक्षा अध्ययनको विकल्प दिए केहीहदसम्म समस्या समाधान हुने निष्कर्ष निस्कियो । त्यो विकल्प दिन स्थानीय लक्ष्मीप्रसाद साह (एलपी साह), रामनरेश राय र वीरेन्द्रकुमार साह तयार हुनुभयो । त्यसपछि यहाँ 'मोडेल बहुमुखी क्याम्पस' स्थापना भएको संस्थापकमध्येका तिनै साहले जानकारी दिनुभयो । विसं २०५४ मा अध्ययन अनुमति र विसं २०५५ असारमा पठनपाठन सुरु गरिएको क्याम्पसमा सुरुमा छात्रा पाउन निकै गाह्रो भयो । घरघर गएर सम्झाउँदा पनि विज्ञान सङ्कायतर्फ ७१ मध्ये दुई तीन जना र व्यवस्थापनतर्फ ९६ मध्ये १०/१२ जना मात्रै छात्रा पाएको उहाँले स्मरण गर्नुभयो ।

सुरुका दिनमा बाटोबाटोमा बसेर जिस्क्याउने, दुःख दिने र हतोत्साहित गर्ने केटाहरूका कारण केही कठिनाई भए पनि सोहीअनुसार सुरक्षाको व्यवस्था, कारवाही र अभिभावकलाई आश्वस्त पार्दैजाँदा समस्या समाधान हुँदै गएको र विसं २०६२/०६३ सालपछिको परिवर्तन तथा समाजमा आएको चेतनाका कारण छात्राहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको उहाँले बताउनुभयो ।



कक्षा ११ मा विज्ञान र वाणिज्यबाट पठनपाठन सुरु भएको सो क्याम्पसमा अहिले स्नातकोत्तरसम्मको अध्ययनअध्यापन हुन्छ । यहाँ कम्प्युटर, ट्राभल र टुरिजम, बिबिए, बिसिए, एमबिएस, बिएस्सी माइक्रोबायोलोजी, बिएस्सी सिएस आइटी, सिटिइभिटीइबाट सामान्य चिकित्सा (एचए) तथा ल्याव र मेडिकल ल्याब टेक्निसियन (एमएलटी) लगायतको पठनपाठन भइरहेको छ ।

'छोरी शिक्षा प्रवर्द्धन' गर्ने हेतुले स्थापित सो क्याम्पसमा अहिले छोरीहरूकै बाहुल्यता छ । "विज्ञान संकायबाहेक अरु कक्षामा एउटा कक्षामा ६० देखि ८० प्रतिशतसम्म छात्राहरू छन् । अभिभावकमा आएको चेतनाले छोरीचेलीलाई विद्यालय वा क्याम्पससम्म पुऱ्याउन सम्भव भएको हो । छोरीलाई राम्रो शिक्षा दिएर आफ्नो खुट्टामा उभिने भएपछि मात्रै बिहे गर्नुपर्छ भन्ने चेतना आउँदैछ । यो हाम्रो पनि सफलता हो", सहायक क्याम्पस प्रमुख धर्मेन्द्रकुमार ठाकुरले भन्नुभयो ।सो क्याम्पसमा हाल पाँच हजारभन्दा बढी विद्यार्थी अध्ययन गरिरहेका छन् ।

विसं २०६२ सालमा जनकपुरमै सबैभन्दा बढी विद्यार्थी भएको क्याम्पसका रूपमा स्थापित सो क्याम्पसलाई आजसम्म अरुले उछिन्न नसकेका ठाकुरको भनाइ छ । "सङ्ख्यात्मक र गुणस्तरीय शिक्षाका हिसाबले पनि हाम्रो प्रतिस्पर्धा आफैँसँग हो । धेरैले सोध्छन् तपाईंहरूकहाँ ११ र १२ कक्षामा कति विद्यार्थी छन् ? यहाँका नामी तीन चार वटा क्याम्पसमा पढ्ने सङ्ख्या जोडेर जति आउँछ त्यसमा सय पचासभन्दा कम बढी हुन्छ भनेर जवाफ दिन्छौँ", उहाँले भन्नुभयो ।

क्याम्पसले आर्थिक अवस्था, जेहेन्दार र आवश्यकताअनुसार विद्यार्थीलाई सहुलियतमा शिक्षा दिइरहेकामा विसं २०६९ देखि 'सुपर फोर्टी' नीतिअनुसार विज्ञान सङ्कायतर्फ ४० जना र वाणिज्य संकायतर्फ १० जना जेहेन्दार विद्यार्थीलाई शतप्रतिशत 'ट्यूशन फि' निःशुल्क गर्ने योजना कार्यान्वयन गरिरहेको छ । त्यसैगरी अध्ययनरत सत्रका तीन वटै त्रैमासिक परीक्षामा ७५ प्रतिशत वा सोभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूलाई चिकित्सा तथा इन्जिनियरिङ्गतर्फ अध्ययनका लागि काठमाडौँमा प्रवेश परीक्षा कक्षा निःशुल्क गर्ने नीति लिएको कलेजका प्रशासन प्रमुख प्रदीप लालले बताउनुभयो ।

बैंकबाट रु पाँच लाख ऋण लिएर सुरुभएको सो क्याम्पस जनकपुरको सङ्कटमोचन स्कूलमा तीन वर्षसम्म र त्यसपछि हाल भवन रहेको जनकपुरधाम-४ गोपाल धर्मशाला नजिकै भाडाको जमिनमा बाँसको टहरामा सञ्चालन भएको थियो । अहिले डेढ विघा जग्गासहित सुविधासम्पन्न ६५ कोठासहितको १० तले आफ्नै भवनमा छ ।

"हामीले बैकबाट रु पाँच लाख ऋण लिएर क्याम्पस सुरु गऱ्यौँ । त्यो ऋण रामनरेश रायको जग्गा बैंकमा राखेर लिएका थियौँ र एलपी साह (नेम एण्ड फेम वापत) पनि हामीसँग हुनुहुन्थ्यो । त्यतिबेला शतप्रतिशत नोक्सानी भएमा मेरो र फाइदा भए सबैको भन्ने थियो", उहाँले भन्नुभयो, "तर क्याम्पस स्थापना भएको दुई वर्षमै विवाद उत्पन्न भएपछि उच्च माध्यामिक शिक्षा परिषद्बाट विवाद सुल्झाएर त्यहीँ बेलादेखि मेरो स्वामित्वमा क्याम्पस चलिरहेको छ तर म एक्लो छैन ।" उहाँले क्याम्पससँग प्रत्यक्ष जोडिएका प्राध्यापक र कर्मचारी गरी एक सय ५० जनाको समूह रहेको बताउनुभयो । "हामीप्रति अभिभावक र विद्यार्थीको भरोसा छ । उहाँहरूकै बलमा यो उचाइ पाएका हौँ", उहाँले भन्नुभयो ।

सहायक क्याम्पस प्रमुख ठाकुरले अनुशासन, संस्कार र गुणस्तरीय शिक्षालाई केन्द्रमा राखेर स्थापना भएको क्याम्पसलाई सोहीअनुसार अगाडि बढाउन आफूहरूले इमान्दार प्रयत्न गरिरहेको बताउनुभयो । छोरीहरूसहित विदेशीएका अभिभावकले जिम्मामा छोडेका सन्तानलाई असल अभिभावकत्वसहितको गुणस्तरीय शिक्षा दिनु आफ्नो उद्देश्य र दायित्व भएको ठाकुरको भनाइ छ ।

सबैभन्दा रोचक त क्याम्पस स्थापना हुँदाका बेलाजस्तै आफ्ना विद्यार्थी र विशेषगरी छात्राहरूको सुरक्षाका लागि घरबाट निस्किने बेला बिहान पाँच बजे र घर फर्किनेबेला चोकचोकमा आफ्ना प्रतिनिधि खटाएर सुरक्षा गर्ने काम अहिले पनि चलिरहेको छ । "त्यतिबेला जुन सोचका साथ क्याम्पस स्थापना गरेका थियौँ, त्यसमा सफलता मिल्दै गएको छ । छोरीचेलीलाई पढाउने, स्वावलम्बनका लागि लगानी गर्ने अवस्था बनेको छ । शिक्षाप्रति छोराहरूभन्दा छोरीहरूको लगाव, उपस्थिति र इमान्दरिता देख्दा यसमा हाम्रो पनि सानो योगदान छ भनेर निकै खुसी लाग्छ", क्याम्पस प्रमुख साहले राससँग भन्नुभयो ।रासस

> "
> सहायक क्याम्पस प्रमुख ठाकुरले अनुशासन, संस्कार र गुणस्तरीय शिक्षालाई केन्द्रमा राखेर स्थापना भएको क्याम्पसलाई सोहीअनुसार अगाडि बढाउन आफूहरूले इमान्दार प्रयत्न गरिरहेको बताउनुभयो ।
> ●●●

# बालविवाह रोक्ने सामूहिक प्रतिबद्धता



**टुडे समाचारदाता**

महोत्तरी । मधेशमा बालविवाह र दहेजजस्ता सामाजिक विकृति अन्त्य गर्न सरोकारवालाहरुले सामूहिक रूपमा प्रतिबद्धता जनाएका छन् ।

बर्दिबासमा सम्पन्न 'बालविवाह अन्त्यका लागि धार्मिक गुरुहरुको भूमिका' विषयमा भएको छलफलका सहभागीले आआफ्ना ठाउँमा बाल विवाहलाई हुन नदिन नेतृत्वदायी भूमिका निर्वाह गर्ने सामूहिक प्रतिबद्धता जनाएका हुन् । मधेशी आयोग नेपालले प्लान इण्टरनेशनलसँगको सहकार्यमा भएको उक्त छलफलमा मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलसहितका सहभागीले प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन् ।

कार्यक्रमबाट जारी गरिएको प्रतिवद्धतापत्रमा बालविवाह र दहेजजस्ता सामाजिक कुरीति अन्त्य गर्न सामूहिक प्रतिबद्धता व्यक्त गर्ने भनिएको छ । प्रतिबद्धतापत्रमा सभामुख मण्डल, मधेसी आयोगका अध्यक्ष डा. विजयकुमार दत्त, सदस्य जीवछ साह, आयोगका सचिव वसन्त अधिकारी र कार्यक्रममा सहभागी हिन्दू, इस्लाम तथा बौद्धगुरु , सञ्चारकर्मी र सामाजिक अगुवाहरुले हस्ताक्षर गरेका छन् ।

कार्यक्रममा सभामुख मण्डलले बालविवाह र दहेज प्रथालाई अन्तय गर्नका लागि समाजका सबैवर्गले अभियाननै संचालन गरेर अगाडी बढ्नुपर्ने आग्रह गरे । उनले मुलुकको कानुनले २० वर्ष उमेर पूरा नभइ गरिने विवाह दण्डनीय अपराध भएको उल्लेख गरेपनि मधेशमा यसलाई कायान्वर्यनमा ल्याउनुपर्ने सबैभन्दा महत्वपुर्ण कार्य रहेको बताए ।

मधेश प्रदेशका आठवटै जिल्लाका विभिन्न धर्म, सम्प्रदायका गुरु, मानवअधिकारकर्मी , सामाजिक अभियन्ता र सञ्चारकर्मीको सहभागितामा भएका कार्यक्रममा बालविवाह र दहेजले कैयन सामाजिक अपराध र पारिवारिक विग्रह बढाएको सहभागीले बताएका छन् । कार्यक्रममा इस्लाम धर्मगुरु रौतहटको गरुडाका इस्लाम धर्म परम्पराका मोल्वी (पुरोहित, शिक्षक) हदिस मियाँले पवित्र कुरानमा उमेर परिपक्व नभइ विवाह गर्न स्वीकृति नदिइएको बताए । "उमेर यति नै भन्ने उल्लेख नभए पनि हाम्रो धर्मग्रन्थमा विवाहका लागि शारीरिक एवं मानसिक रुपमा यो सम्बन्ध बुझ्न सक्ने भएपछि नै गर्नपर्ने भनिन्छ" मियाँ भन्छन्, "यो विषयमा मुलुकको कानुनले गरेको व्यवस्थाको पालनामा सबै धर्मज्ञहरुले जोड दिएका छन् ।" दहेजले नारी हत्या, भ्रूण हत्या र आर्थिक सङ्कटजस्ता घटना बढाएको वास्तविकता मियाँले सुनाए ।

जानकी मन्दिरका महन्थ रामरोशन दास वैष्णवले रामायणकालमा मधेस नारी शक्तिको पूजक भएको उल्लेख गर्दै पछिपछि भने सामाजिक विकृति बढ्दै पितृसत्ता थोपरिदै जाँदा बालविवाह बढेको र त्यसले नारी बढी पीडित भएका बताए । यो अवस्था अन्त्यका लागि मुलुकको कानुनले निर्दिष्ट गरेका विषयलाई राज्यका निकाय र सामाजिक सङ्घ संस्थाले सजाय र पुरस्कारको व्यवस्था कार्यान्वयनमा उनले जोड दिए ।

यसैगरी बौद्ध धर्मका जानकार कमला वाइबाले बालविवाह निर्मूल गर्न मुख्यतः राज्यका निकायको भूमिका प्रभावकारी हुनपर्ने बताए । आयोगका अध्यक्ष डा. दत्त र सदस्य साहले आयोगले मधेसको दुष्कीर्ति बालविवाह रोक्न सरोकारवालाहरुसँग सहकार्य बढाउँदै सचेतना र कानुन कार्यान्वयनलाई केन्द्रमा राखेर काम गर्दै आएको बताए । प्लान इण्टरनेशनलका कार्यक्रम अधिकृत काजल झाले मधेसमा बालविवाह र दहेजको अवस्थासम्बन्धमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

विक्रम सम्वत् २०७८ को राष्ट्रिय जनगणनाले मधेसमा उमेर नपुगी विवाह गर्ने ७५ प्रतिशतभन्दा बढी देखाएको छ । राष्ट्रिय जनगणनामा प्रस्तुत तथ्याङ्कअनुसार १८ वर्षदेखि २० वर्ष पूरा हुनुअघि विवाह गर्ने ३९ दशमलव पाँच प्रतिशत छन् । यसमा ४२ प्रतिशत पुरुष र ३७ प्रतिशत महिला छन् ।

यसैगरी १५ देखि १७ वर्ष उमेर समूहका २७ दशमलव सात प्रतिशत, १० देखि १४ उमेर समूहका नौ दशमलव तीन प्रतिशत र १० वर्ष मुनिका शून्य दशमलव दुई प्रतिशत छन् ।

# सर्लाहीमा बढे क्षयरोगी

**टुडे समाचारदाता**

सर्लाही । स्वास्थय कार्यालय मलंगवाका अनुसार सर्लाहीमा क्षयरोगीको संख्या बढ्दै गएको पाइएको छ । स्वास्थ्य कार्यालय मलङ्गवाको क्षयकुष्ठ शाखाले सार्वजनिक गरेको तथ्याङ्कअनुसार जिल्लामा पछिल्लो समय क्षयरोगीको संख्या बढेको हो । गत वर्ष छ सय क्षयरोगी रहेकामा यस वर्ष २९ जना थपिएका छन् । योसँगै जिल्लामा क्षयरोगीको संख्या छ सय ३० जना पुगेका छन् ।

जिल्लामा फेला परेका क्षयरोगीमध्ये धेरै हरिवन नगरपालिका क्षेत्रका रहेका स्वास्थ्य कार्यालय मलङ्गवाका क्षयकुष्ठ अधिकृत बलिराम यादवले जानकारी दिनुभयो । जिल्लामा फेला परेका कूल क्षयरोगीमध्ये ८९ अर्थात् १४ दशमलव १३ प्रतिशत १४ वर्षमुनिका रहेका अधिकृत यादवले बताउनुभयो । उहाँका अनुसार जिल्लामा क्षयरोगीको संख्या प्रतिलाखमा एक सय ५२ जना छन् ।

गाउँ समाजमा क्षयरोगसम्बन्धी चेतनास्तर कम भएका कारण पनि क्षयरोग सङ्क्रमण बढेको उहाँको भनाइ छ । क्षयरोग नियमित उपचारबाट निको बनाउन सकिने भए पनि अझै धेरै उपचार सेवाबाट टाढा रहने गरेका उनको भनाइ छ । सङ्क्रमितले गर्ने लापरबाही क्षयरोगी बढ्नुको मुख्य कारण रहेको स्वास्थ्यकर्मीको दाबी छ ।

स्वास्थ्य कार्यालय मलङ्गवाका प्रमुख डा नवलकिशोर झाका अनुसार क्षयरोगी खोज पड्ताल अभियान बढेका कारण बिरामी धेरै फेला परेको छ । बागमती नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख पदम रायमाझीले समाजमा क्षयरोगी लुकेर रहे लक्ष्य पूरा गर्न समस्या हुने भएकाले सबै रोगी फेला पार्नुपर्ने बताए । यस क्षेत्रमा मुस्लिम, दलितलगायतका समुदायमा क्षयरोगीको संख्या पहिचान गरेको छ ।

यस रोगले ज्येष्ठ नागरिक, एचआइभी सङ्क्रमित, कुपोषित बालबालिका, मधुमेह, क्यान्सरलगायतका बिरामी, इँटाभट्टामा काम गर्ने परिवार तथा बालबालिकालाई उच्च जोखिममा पारेको डा झाले बताउनुभयो ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्ज महानगरपालिकास्थित सिर्सियामा रहेको सुखाबन्दरगाह भन्सार कार्यालय नजिकै लामबद्ध मालवाहक ट्रक। *तस्विरः रासस*

# उपप्रधानमन्त्रीद्वारा अस्पतालको निरीक्षण

**टुडे समाचारदाता**

राजविराज । उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले गजेन्द्रनारायण सिंह अस्पतालको निरीक्षण गरेका छन् ।



राजविराजमा शुक्रबार गजेन्द्रनारायण सिंह अस्पतालको निरीक्षण गर्दै उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री यादवले अस्पतालको आकस्मिक कक्ष, प्रयोगशाला, विभिन्न वार्ड, र निर्माणाधिन भवनको निरीक्षण गेरको छ।

अस्पतालको निरीक्षण गर्नु अघि अस्पतालका स्वास्थ्यकर्मी, कर्मचारीसँग भएको अन्तरक्रियामा समेत सहभागी भएका थिए ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्षसमेत रहेका मन्त्री यादवले अन्तरक्रियामा उपस्थिति पार्टीका नेता, कार्यकर्ता तथा कर्मचारीलाई अस्पतालमा काम गर्ने वातावरण बनाउन आग्रह गरे ।

# विष्णुपुर गाउँपालिकाका अध्यक्ष यादवलाई सफाइ

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश यादवलाई विशेष अदालतले सफाइ दिएको छ ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्यद्वय तेजनारायण सिंह राई तथा मुरारीबाबु श्रेष्ठको इजलासले भ्रष्टाचार सम्बन्धी मुद्दामा गाउँपालिकाका अध्यक्ष यादव सहित लेखापाल टेकनारायण यादव र कम्प्युटर अपरेटर वीरेन्द्र यादवलाई सफाइ दिने फैसला गरेको बिशेष अदालतका सुचना अधिकारी यज्ञराज रेग्मीले जनाए ।



गत साउन ३१ गते राजविराजस्थित गजेन्द्र चौक नजिकबाट लेखापाल टुकनारायण र कम्प्युटर अपरेटर वीरेन्द्रलाई योजनाको भुक्तानीको नाममा २ लाख नगद र ३ लाख रुपैयाँको चेक लिँदै गरेको अबस्थामा पक्राउ गरेको दावीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरु दुवैजना सहित गाउँपालिका अध्यक्षसमेतलाई प्रतिवादी बनाएर बिशेष अदालतमा गत भदौं १९ गते आरोप पत्र दायर गरेको थियो ।

सो क्रममा अख्तियारमा बयान दिन गएका बेला अध्यक्ष यादवलाई समेत अख्तियारले नियन्त्रणमा लिएको थियो । विशेष अदालतमा थुनछेकको बहसपछि धरौटीमा रिहा भएका पालिका अध्यक्ष यादवसहित तीनैजनालाई शुक्रबार विशेष अदालतले सफाइ दिने फैसला गरेको छ ।

विशेष अदालतले सफाइ दिने फैसला गरेसँगै आरोप पत्र दायर भएको दिनदेखि पालिका अध्यक्षवाट निलम्बित उमेश यादव पुनः गाउँपालिका अध्यक्षमा फर्किने भएका छन् ।

अख्तियारले मुद्दा चलाएका मध्ये सफाइ पाएर पुनः पदमा फर्किने उमेश जिल्लाको दोश्रो पालिका प्रमुख भएका छन् । यस अघि बोदेवरसाइन नगरपालिकाका नगरप्रमुख आतेशकुमार सिंहपनि विशेष अदालतवाट सफाइ पाएर नगर प्रमुखमा कामकाज सुरु गरिसकेका छन् ।

# वीरगञ्जमा रात्रि बजार फेरि सञ्चालन हुने

**टुडे समाचारदाता**

वीरगञ्ज । नयाँ वर्षलाई लक्षित गर्दै वीरगञ्ज महानगरपालिकाले फेरि पनि 'रात्रि बजार' सञ्चालन गर्ने तयारी थालेको छ ।


वीरगञ्ज महानगर नयाँ वर्षसंगै मुस्लिमहरुको इद पर्वलाई ध्यानमा राख्दै यही चैत २९ गतेदेखि २०८१ वैशाख १ गते मध्यरातसम्म 'रात्रि बजार' सञ्चालनको तयारी थालेको छ ।

वीरगञ्जको आदर्शनगर चोकदेखि पुरानो बसपार्कसम्म 'रात्रि बजार' सञ्चालन हुने जनाइएको छ ।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहले रात्रि बजार अवधिभर नेपाल-भारत मुख्य सीमा चौबिसै घण्टा खुला राख्ने व्यवस्था मिलाउने प्रयास भइरहेको जनाए । भारतका पर्यटकलाई आकर्षित गर्ने गरी यहाँका उद्योगी, व्यवसायीसँगको सहकार्यमा उनीहरुकै व्यवस्थापनमा हुन लागेको रात्रि बजारमा महानगरपालिकाले ७५ प्रतिशत लगानी गर्नेछ । "यहाँका निजी क्षेत्रको २५ प्रतिशत र महानगरको ७५ प्रतिशत लगानीमा बजार सञ्चालन गर्न लागेका हौं", नगर प्रमुख सिंहले भने ।

रात्रि बजार नाफा कमाउन नभइ आर्थिक गतिविधि बढाउने उद्देश्यले बजार सञ्चालन हुन लागेको बजार व्यवस्थापन समितिका संयोजक जयप्रकाश खेतानले बताए । आदर्शनगर चोकदेखि कैलाश चोक हुँदै पुरानो बसपार्क, चिल्ड्रेन पार्कसम्म लाग्ने रात्रि बजारमा १०० भन्दा बढी स्टल रहने उनले बताए ।

# घरमा आगलागी, लाखौंको क्षति



**टुडे समाचारदाता**

रौतहट । रौतहटको दक्षिणी क्षेत्रमा पर्ने इशनाथ नगरपालिका ९ डुमरीया गाउँमा शुक्रबार बिहान एक घरमा आगलागी हुँदा लाखौँको क्षति भएको छ ।

स्थानीय शेख इशहाक मियाँ धुनियाको खपडाको घरमा आगलागी भएको छ । खाना पकाउने क्रममा एलपिजी ग्यास लिक भएर आगलागी भएको जिल्ला प्रहरी प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

आगलागी बाट अन्नपात, गरगहना र लत्ताकपडा गरी छ लाख ५० हजार रुपैयाँ बराबरको सरसामान पूर्णरूपमा जलेर नष्ट भएको प्रवक्ता गिरीले बताइन् ।

स्थानीय र प्रहरी चौकी औरैयाको टोली मिलेर गौरबाट गएको दमकलको सहयोगमा आगलागी पूर्णरूपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# पर्सामा अनुचित लेनदेनसम्बन्धी मुद्दा सम्बोधन हुने क्रम बढ्दो

**टुडे समाचारदाता**

वीरगंज । पर्सामा अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी मुद्दा सम्बोधन हुने क्रम बढ्केको छ । यसै क्रममा जिल्लामा छ सय ६७ मुद्दा टुङ्ग्याइएको छ भने साहुकर र अनुचित लेनदेन पीडितबीच जिल्लाभरिमा ६६७ वटा उजुरी टुङ्गो लागे पनि अझै एक हजार सात सय ३० वटा उजुरी सम्बोधन गर्न बाँकी छ ।





पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले अनुचित लेनदेनसम्बन्धी उजुरीलाई प्राथमिकताको साथ सम्बोधन गर्दै आएको बताउदै यसअघि अनुचित लेनदेनसँग सम्बन्धित उजुरी जिल्ला प्रशासन कार्यालयबाट लिदै आएकोमा अब सबै उजुरीको सम्वोधन जिल्ला प्रहरी कार्यालय पर्साबाट हुदै आएको जानकारि दिए ।

सिडीओ भुसालका अनुसार अनुचित लेनदेनसँग सम्बन्धित पाँच सय सात वटा उजुरी मेलमिलाप गरेर टुङ्गो लगाइएको र बाँकी एक हजार छ सय ५३ वटा उजुरी पर्सा प्रहरीलाई हस्तान्तरण गरिएको छ । उनले प्रहरीले पनि अनुचित लेनदेनको मुद्दालाई प्राथमिकतासहित मेलमिलाप गराउँदै आएको बताउदै यस्तो वित्तीय एवं सामाजिक अपराधका विरुद्धमा सक्रिय भई लागिरहेका बताए ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले अनुचित लेनदेनसँग सम्बन्धित उजुरीउपर दुवै पक्षलाई छलफल गराएर टुङ्गो लगाउने प्रयास भइरहेको बताए । "साहुकरले एक लाख ऋण दिएर तीन लाखसम्मको कपाली तमसुक बनाउने गरेको पनि पाइएको छ", उहाँले भने, "साहुकरले ऋण दिएको रकमभन्दा दुईदेखि तीन गुणाभन्दा बढी रकम वा जग्गा दृष्टिबन्धक राखेर सामाजिक अपराध गरिरहेका छन् । अहिले हामीले दुवै पक्षलाई बोलाएर समस्या समाधान गरिरहेका छौं ।"

प्रहरी नायब उपरीक्षक थापाले कतिपय उजुरीकर्ताले दुःख दिने नियतले पनि उजुरी गरेका बताए। "कतिपय उजुरीकर्तालाई बारम्बार छलफलको लागि बोलाउँदा पनि नआउने समस्या भएको छ।" पर्सा जिल्लामा अनुचित लेनदेनसँग सम्बन्धित उजुरी एक हजार सात सय ३० छन् । जिल्ला प्रहरी कार्यालयले गत फागुन १ गतेदेखि अनुचित लेनदेनको उजुरी दर्ता गर्न थालेको हो। जिल्ला प्रशासन कार्यालयबाट हस्तान्तरण भएका एक हजार छ सय ५३ र प्रहरीमा दर्ता भएका दुई सय २७ गरी कूल उजुरी संख्या एक हजार ८८० पुगेको छ । यीमध्ये प्रहरीले एक सय ६० उजुरी मेलमिलापको माध्यमबाट टुङ्गो लगाएको छ ।

हाल पर्सा प्रहरीमा कूल उजुरी संख्या एक हजार सात सय ३० रहेको छ। पर्सा प्रहरीका अनुसार मेलमिलापबाट रु चार करोड ५२ लाख ९५ हजार आठ सय रकमको बिगो टुङ्गो लागेको छ। अनुचित लेनदेनसँग सम्बन्धित चार वटा मुद्दा भने जिल्ला अदालत पर्सामा दर्ता भएका छन् । प्रहरीले साहुकरबाट अनुचित लेनदेन पीडितलाई एक बिघा १५ कट्ठा पाँच धुर ४५ कनवा जग्गा फिर्ता गराएको छ ।

> जिल्ला प्रशासन कार्यालयबाट हस्तान्तरण भएका एक हजार छ सय ५३ र प्रहरीमा दर्ता भएका दुई सय २७ गरी कूल उजुरी संख्या एक हजार ८८० पुगेको छ । यीमध्ये प्रहरीले एक सय ६० उजुरी मेलमिलापको माध्यमबाट टुङ्गो लगाएको

# सामसङको आकर्षक छुट





**टुडे समाचारदाता**

काठमाण्डु। नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सामसङले "स्वागत नयाँ वर्षलाई, बाढौं खुसी सँधैलाई"अफर ल्याएको छ । यस अफर अनुसार ग्राहकहरूले, आफूलाई मन परेको टिभीखरिद गर्दा ३८% सम्मको र फ्रिज र वासिङ मेसिनको खरिदमा ३०% सम्मको छुट प्राप्त गर्नेलगायत विभिन्न योजनाहरु सार्वजनिक गरेको छ ।

ग्राहकहरूले सून्य ब्याजको मासिक किस्ताबन्दीमा हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड मार्फत उपलब्ध गराइएको इन्स्टा फाइनान्स सेवाबाट सहज रूपमा सामसङ टिभी फ्रिज र वासिङ मेसिनको खरिद गर्न सक्ने बताइएको छ । सो विशेष छुट अफर जेठ २ गतेसम्म लागु रहने जनाइएको छ ।

१८ वर्षदेखि निरन्तर ग्लोबल नम्बर १ टिभी ब्रान्डको रूपमा आफ्नो पहिचान बनाएको सामसङले नयाँ वर्ष २०८१ को अफरमा ग्राहकहरूलाई टिभीको नयाँ रेन्जमध्ये कुनै पनि एफएचडी, क्रिस्टल्यूएचडी, फ्रेम र क्युएलईडीलगायतका टिभी खरिद गर्दा ३८%सम्मको छुट दिने योजना रहेको जनाइएको छ ।

ग्राहकले आफ्नो नागरिकता पेश गरी ५५" वा सोभन्दा ठुलो टिभी खरिद गर्दा इनस्टान्ट लोन पाउन सक्ने जनाएको छ । ग्राहकहरूले आफ्ना नयाँ खरिदहरूबारे पनि पूर्णरुपमा ढुक्क हुन सक्ने दाबी समेत सामसङले गेरको छ।

यसको साथै कुनै पनि सामसङ टिभीको खरिदसँगै ग्राहकहरूले साउण्डबार खरिद गर्दा सो साउण्डबारमा आकर्षक छुट पाउनसक्ने व्यवस्था गरिएको छ।

सामसङको कुनै पनि विशेष टिभी र घरेलु उपकरणहरूमा अपग्रेड गर्दा एक्सचेन्जमा ग्राहकहरुले उत्कृष्ट मूल्यांकन प्राप्त गर्न सक्ने बताइएको छ । ग्राहकहरूले सो अफर एक्सचेन्ज पार्टनर अर्कोस्टोर डट कम मार्फत अनलाइनमा लिन सक्ने व्यवस्था गरिएको छ । यसका साथै ग्राहकहरूले अर्कोस्टोर डट कम मार्फत ५५" र ६५" ए.यु.७७०० क्रिस्टल् टिभी अनलाइन एक्सचेन्ज गर्दा ५५०० रुपैयाँसम्मको टप-अप प्राप्त गर्ने विशेष योजना पनि रहेको छ।

हिम इलेक्ट्रोनिक्स र त्रिवेणी व्यापारको डिलर नेटवर्क अन्तर्गत नेपाल अधिराज्य भर सो अफर जेठ २ सम्म लागु रहने सामसङले जनाएको छ।

# लामीछानेको मुद्दामा झगडिया झिकाउने आदेश

**टुडे समाचारदाता**

काठमाण्डु । बलात्कार आरोपमा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेको मुद्दामा झगडिया झिकाउन उच्च अदालत पाटनले आदेश दिएको छ।

मुख्य न्यायाधीश नृपध्वज निरौला र न्यायाधीश कृष्णराम कोइरालाको संयुक्त इजलासले शुक्रबारको सुनुवाइपछि जिल्ला अदालत काठमाडौँको फैसला बदर माग गर्दै दायर गरेको रिटमा उक्त आदेश दिएको हो। जिल्ला अदालत काठमाडौँले गत पुस २५ गते बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर लामिछानेलाई आठ वर्ष जेल सजाय, जरिवाना र क्षतिपूर्ति गरी पाँच लाख भराउने फैसला सुनाएको थियो । उक्त फैसलाविरुद्ध लामिछानेले उच्च अदालत पाटनमा पुनरावेदन गरेका थिए ।

पुनरावेदन गरिएको मुद्दामा अदालतले अर्को पक्षलाई सूचना दिएर बोलाउने प्रक्रियालाई झगडिया झिकाउने भनिन्छ ।



अदालतले उक्त मुद्दामा आगामी वैशाख ३ गते दुवै पक्षलाई झिकाउन आदेश दिएको छ । लामिछानेविरुद्ध २०७९ भदौ २१ गते बालिका बलात्कार गरेको उजुरी परेपछि प्रहरीले उनलाई त्यही वर्ष असोज २० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको थियो ।

**मधेश प्रदेश सरकार**
**श्रम तथा यातायात मन्त्रालय**
**जनकपुरधाम, धनुषा**
**सच्चाइएको सूचना**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०/१२/९ गते पृष्ठ ७ मा यस मन्त्रालयको सिलबन्दी कोटेशन सम्बन्धी प्रकशित सूचनामा प्रथम पटक प्रकाशित मिति २०८०/१२/९ हुनुपर्नेमा अन्यथा भएकोले सच्चाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**मधेश प्रदेश, जनकपुरधाम**
**विज्ञापन म्याद थप सम्बन्धी सूचना**

यस प्रतिष्ठानको विज्ञापन नं. ०१/०७९/८० तेश्रो संशोधन सहित प्रकाशित भएको विज्ञापनमा पूनः मिति २०८०/१२/२५ मा चौथो पटक म्याद थप गरि विज्ञापन गरिएको र सूचना नं. ०१/०८०/८१ बाट यस प्रतिष्ठानद्वारा संचालित प्रादेशिक अस्पताल जनकपुरधाममा रिक्त स्थायी दरबन्दीको पद करार सेवामा तथा सूचना नं. ०२/०८०/८१ बाट यस प्रतिष्ठानमा करार सेवामा आवश्यक जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकोले विभिन्न पदको लागि विज्ञापन प्रकाशित गरिएकोमा पुनः मिति २०८०/१२/२५ मा दोश्रो पटक म्याद थप गरी विज्ञापन प्रकाशित गरिएको छ। यस सम्बन्धमा विस्तृत जानकारीको लागि यस प्रतिष्ठानको Website : www.mihs.edu.p मा हेर्नुहुन अनुरोध छ।

**मधेश स्वास्थ्य विज्ञापन प्रतिष्ठान**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। माय ।।

अपने भुखल प्यासल
बाल बच्चाके पेट भरै छै माँ
अपने फाटल पुरन बाल बच्चाके
नया कपड़ा दिलबै छै माँ
बाल बच्चाके खातिर
दुनियाँ संसार सँ लरै छै माँ
मायके ममता अनमोल छै
एकर नै कोनो तौल मोल छै
अपने मेहनत मजदूरी करै छै
बाल बच्चाके सुख दैइ छै माँ
अपने मूर्ख रहितो बाल बच्चाके
शिक्षा दैइ छै माँ
माय सन माय दुनियाँ मे
माय सन कोइ नै दुनियाँ मे



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।। मेरो जीवन ।।

म गाँउदेखि सहर पुगे , सहरदेखि राजधानी ।
बदलियो ठाउँ तर बदलिएन मेरो कुनै कहानी ।।

भबिष्य बनाउने आशले गुमाउँदै छु आजको जवानी ।
खै के हो ,के हो बदलिएन मेरो कुनै कहानी ।।

गर्न खोज्छु जहिले म सपना पुरा ।
खै के हो ,के हो जहिले हुन्छ अधुरा ।।

भाग्यमा दोष हो कि कर्ममा खोट थाहै भएन ।
खै के हो के जिवनमा केही हुने हो कि होईन थाहै भएन ।।

फेर्न सक्ने हो कि होईन बा ले बनाएका घरको छाना थाहै भएन ।
फेर्न सक्ने हो कि होइन आमाको लागी गोइठे चुलो थाहै भएन ।।

म संगै हुर्केका साथीभाइ थुप्रै कमाई सके आफु सक्ने हो कि होइन थाहै भएन ।
सपना ठुलो छैन मेरो बाआमाको लागी दुई चार पैसा जोडु खै हुने हो की होइन थाहै भएन ।।

घरि धुरी धुरी एकलैमा रून मन लाग्छ
आफैले आफैलाई मार्न मन लाग्छ ।
बिउँझिन्छु फेरि बुढेस बाआमाको तस्विर हेरी हैन आफुलाई
आफुसँग एकचोटी अझै लड्न मन लाग्छ ।।

हार होस वा जित एकचोटी अझै अघि वढ्न मन लाग्छ
एकचोटी आफैलाई आफैं संग लड्न मन लागछ ।।



**नाम :- दायाराम यादव**
**ठेगाना:- सहिदनगर नगरपालिका -३ यदुकुहा,धनुषा**

## ।। परिप्रेक्ष्य ।।

आजको सत्यता हो हजुर, यहाँ फलको प्रतिक्षामा हैन, मानिस फलको चोरी मा लाग्ने गर्दछन्।
सधै काहा राम्रो हुन्छ र ,
त मेहनत गर्दै जा फल अवस्य पाउने छस ,भन्ने व्यक्तिहरु नै अरुको पालो मिच्ने गर्दछन् ।
मृत्यु त नाम ले मात्र कुख्यात रहेछ ,
असल पिर त जिन्दगीले नै दिने हो ।
माक्सले त मात्र अनुहार छोप्न सकिन्छ ,
व्यावहार त मात्र राम्रो वाणिले फेरिने हो।
आफ्नो व्यावहार नदेखि अरुलाइ ज्ञान दिने व्यक्ति यहाँ महान छन् ।
सुखमा साथ दिने मान्छेहरु दुःखमा आश्वासन दिएर साथ छोडेर जान्छन् ।
त्यो स्कुलमा पढ्दा सधै संगै बस्छौं भनेर वाचा गरेका साथीहरू कामको खोजिमा कोइ साउदी कोइ मलेसिया पुगिसके ।
पैसाले यहाँ सबै थोक,
भेटिने हो जीवनको त्यो सार बुझिसके ।
सबैको साथ छुट्यो यहाँ,
कमाउनलाई घर परिवार छुट्टि सके।



**लेखक : अंकित पाठक**
**शहिदनगर न पा -०१ टोल बेमरखि**

## Miss you papa....

१..जब भी पापा की याद आती है,
मेरी आंखों में नमी आ जाती है,
उसके बाद हंसते हुए चेहरे पर,
एकदम से खामोशी छा जाती है।

२..पापा के बाद अकेला महसूस करता हूं,
हर पल तन्हाई के आलम में रहता हूं,
कोई पूछे कैसा है, तो अच्छा हूं कह देता हूं,
पर अंदर से मैं बिल्कुल टूटा हुआ रहता हूं।

३...बचपन में जिन्होंने उंगली पकड़ कर चलना सिखाया,
बड़े होकर सपनों को उड़ान भरना सिखाया,
वही पापा छिपकर जताते थे प्यार, जिसकी मैंने हमेशा की शिकायत,
आज खुद पापा बनकर इस छिपकर प्यार का अर्थ समझा हूं,
पर आपको अपना प्यार नहीं समझा पाया।



**नाम:-अरबिन्द कुमार मोदनवाल**
**ठेगाना:-प्रसौनी गाउँ पालिका-१ (बारा) नेपाल**

## ।। अनहरिया इजोरिया ।।

अछर मे छै इजोरिया
कलम मे छै ताकत
निरअछर मे छै अनहरिया
मुरखाहा के छै जिनगि डामाडोल
किसानि करय मुरखाहा आ
कलम चलायत पढलहबा
इजोत विना अनहारमे छि
प्रकास बिना अन्धकार मे छि
असल हमसफर विना इजोरियो मे अनहारेमे छि
घर घरमे उत्प्रेरणा दु बाल बच्चाके शिछा लियला
अनहरिया स दुर रहु शिछा के इजोरिया घर घरमे बारु
हर राजशाहि सुख त्याग्ने छै सिद्धार्थ गौतम तब
अनहरिया इजोरियो स लरैत गौतम बुद्ध बनल शान्ति के दुत
बुद्धम शरणम गच्छामि
धम्मम शरणम गच्छामि
यि गुंज छै इजोरियो के
अनहरिया मे नै जिउ
शिक्षा दिछ्या लु
आ बुद्धिजिवी बनु
डा.इ.वकिल सिए सब उच्च शिक्षा हाँसिल के इजोरिया छै
शिक्षित मजदुर रहब इजोरियामे जियब
मुरखाहा नौकारिहारा रहब अनहरिया मे रहब
इजोरियाके सँगहति स अनहरिया के दुर करु



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ।। चाहेको कुरा ।।

मैले चाहेको कुरा भएन पूरा
सपना लाई सजाय बसेको छु
किनकि भएको छैन पूरा छ आइले अधूरा
लायको माया गरेको बिश्वास को गर्ने गरेको छु जतन आफ्नो मात्र हैन,आरु को नि गरेको छ कदर कसैको विश्वास मरेको छैन , कोसिस जारी छ मेरो आईले सम्म हरेको छैन। अईले सम्म
कसैको बिश्वास तोडेको छैन
बिना मतलव कसै लाई छाडेको छैन
कदर त गरेकै हो आरु लाई पचेको छैन



**लेखक रोहन भुजेल**
**जनकपुरधाम ४ बि एस फर्स्ट एअर्स (1rd 2080)**

छल्न पनि यसरी छ्लेउ अचम्म लाग्छ।
यता निभेउ उता बलेउ अचम्म लाग्छ ।।

मेरो मुटुमा बसेर पनि मेरो नहुने तिमी।
सधै अरुको लागि चलेउ अचम्म लग्छा।

दङग परि बसेको छ छेपारो याहा अचेल।।
वाहा!क्या रङग बदलेउ,अचम्म लग्छ।

प्यास ले पानी भेटेर नि पिउन नजानेर।
ब्यार्थै कुवासङग जलेउ,अचम्म लाग्छा।



**लेखक : सुरज बस्नेत**
**काठमाण्डौं, नेपाल**

## ।। झुठो ।।

हाँसेर माया सबै देखाउँला पीडा आफू सँग लुकेर हुन्छ ।
अगाडि बाट थपडी सबैले बजाउँछ , पछाडि बाट खुट्टा घिच्ने त्यही होला ।
सितोमा माया कोई दिँदैन तर देखावटी दाया सबैले हेराउला ।
अंध्यारो रात तेरो कोई देखिँदैन तर उज्यालो बिहान सबै तिम्रो घर चिया खान आउला।



**अजय यादव ( स. वि कान्छा दाई )**
**मोडल मल्टिपल कलेज**

## ।। ओइ! साथी, तिम्रो याद आइहाल्छ ।।

ओइ! साथी, तिम्रो याद आइहाल्छ ।
दिन, राति, कहिले साँझ आइहाल्छ ।।
कति प्रेम गर्छु तिमीलाई भन्नु कसरी ।
भन्न मेरो यो मनमा लाज आइहाल्छ ।।
जब एक्लोपनमा मयालु मुटु दुख्दा ।
सहानुभूति तिम्रो अवाज आइहाल्छ ।।
प्रेमको दियोमा बत्ती बलिन्छ कसरी ।
हुरी बतास बनेर समाज आइहाल्छ ।।
भावका नहर सलल बगाउ म कसरी ।
अघि पछि बाध्यको बाँध आइहाल्छ ।।
ओइ! साथी, तिम्रो याद आइहाल्छ ।
दिन, राति, कहिले साँझ आइहाल्छ ।।



**लेखक:- राम 'रुद्राक्ष' मण्डल**
**ठेगाना:- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## ।। वसन्त ।।


नयाँ नयाँ उमङ्ग चधेको थियो ।
वसन्तको रङ्ग बधेको थियो ।
माहुरीहरु जताततै आफनै मग्नमै रमेको थियो ।।
वसन्त आयो भनेर मन मेरो हुरर भयो ।
कोइलीको सुरीलो आवाज गुञ्ज गुञ्जयो ।।
आस थियो मनमा खुशीको ।
नयाँ पालुवा हेरुला ।
हेरेर मन भुल्ल भुल्यो ।।
वसन्तले सबै आफनै जिवनमा झुमेको ।
जीव- जन्तु, किरा ,फटयाङग्रा , चराचुरुङ्गी ।
आफ्नै संसारमा घुमेको ।।
वसन्तको बारे जति लेख्दा थोरै ,लगछ मलाई ।
के भएको हो रुवाइ किन ! ।
आउछ मलाई ।।



**लेखक :- अनित कुमार मण्डल**
**जनकपुर लोहना - २५**

## ।। मित्रता ।।

मित्रता एउटा अनमोल सम्बन्ध हो,
मुटुमा जोडिएको छ, जिन्दगीभर तिमि संगै रहन्छु।
साँचो साथीहरूले हरेक दुखमा साथ दिन्छन्,
मुस्कानमा पनि हात दिन्छ ।
खुशीका पलहरूमा हामीसँग,
दुःखका दिनहरूमा पनि जीवन सुखमय हुन्छ।
खुल्ला मनले कुरा गर्न, बुझ्न,
यो मित्रताको सत्यताको मापन हो।
संघर्षमा पनि साथ दिनेछौ,
तपाईं एक हुनुहुन्छ जसले विश्वास गर्नुहुन्छ र समर्थन प्रदान गर्नुहुन्छ।
मित्रताको मूल्यको बारेमा के भन्न सकिन्छ?
यो जीवनको सबैभन्दा बहुमूल्य उपहार हो।
यो मित्रता कहिल्यै नछोड्नु,
किनभने यो जीवनको सबैभन्दा महत्त्वपूर्ण सम्बन्ध हो।



**लेखक विवेक साह**
**जनकपुरधाम ४, डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (५ सेमेस्टर)**

## ।। सुन ।।

शब्द बौलाएको धेरै सुन्यौ, अब मौनता छाएको पनि त सुन। अस्ताए सपना साँझको घाम झें, अब चन्द्रमा उदाएको पनि त सुन।
काँडा पलाएको धेरै सुन्यों, अब फूल मगमगाएको पनि त सुन। झरे आँशु सुकेका पात झें, अब वसन्त आएको पनि त सुन।
ओठले चिच्याएको धेरै सुन्यों, अब आँखाले गाएको पनि त सुन।
तोडिए नाता मरेको लाश झें, अब अस्तित्वले बोलाएको पनि त सुन।

**नाम - कृष्णा कुमार साह**
**ठेगाना- हंसपुर न.पा-३, मझौरा**

भरमा फलेको फल झैं भएँ
ढल मिसिएको जल झैं भएँ
प्यास मेटिदिँदा सम्म प्रिय थिएँ
आज त रित्तो बोतल झैं भएँ!!
लेखक बिनय दहाल काजी
जिन्दगी एकटा फुल छै
निरभर आहा पर परै छै
कि उ फुलके आहा तोइर लै छियइ
की ओइमे सब दिन पाइन पटबै छियइ



**लेखक: सुशान्त अभिषेक**
**ठेगाना:जनकपुर धाम-४ धनुषा,नेपाल**

## 'रूपैयाा बैमन्मा'

जुन-जुलाई, आर अगस्तकैं पसेनमा
बहए रनियाँ द'होब'हो, दुन्नू नएनमा
कशेवक कमाई हमर रखिहैं जोगाक?
किनदेबौ हँसुली, हाथ सोने कंगनमा
सुनैछी फोन, 'बूढ़-बाबू' बेमार छए
अबितहुँ जे छुट्टी तँ काजक बड्ड तार छए
तुल्लुर-तुल्लुर चलैत हेतै सेर, पौआ, कन्मा
बहए रनियाँ द'होब'हो ई दुन्नू नएनमा
गामक यादमें हम रोजे सपनाइछी
साथीसभ कहए हम खूब बर्वराईछी
ई टोल-उ टोल, फूलबारिक मचनमा
बहए रनियाँ द'होब'हो ई दुन्नू नएनमा
होरी होरैता हम्म' बन्बो नहि केलियै
डम्फामें चोट दैल्या खूबए तर्सलैयै
'कि कहियौ रुपैयाँ तुँ जो रए बैमन्मा'
बहए रनियाँ द'होब'हो ई दुन्नू नएनमा
चक्मक् उ मजरि हम देख्बो नै केलियै
जुड़शितल मायगे, जूड़ेबो नै केलियै
डग्डग हेतै साओनकेर हरियर महिनमा
बहए रनियाँ द'होब'हो ई दुन्नू नएनमा
बहिनीसँ राखी बन्हेबो नहि केलियै
जितियाकैं तेल-खरि कि, नो?रे लेपलियै
बिसरैछी बात 'मिठ्की' कोनो बहन्मा
बहए रनियाँ द'होब'हो ई दुन्नू नएनमा
दसैंम? दशदिन झिझियाकैं झिल्मिल
डीहपर हुँक्कालोली भंजलहुँ नै गिन्न गिन्न
छठि-घाटक यादमें हमे केरियै रोदनमा
बहए रनियाँ द'होब'हो ई दुन्नू नएनमा
आँखि लालीटेश हमर रहै'छै हरिदम
सोखाकैं आहूत लहलह, कात्तिक हेत चमचम
पुर्णीमाकैं डूब बेगरि पापी भेल तनमा
बहए रनियाँ द'होब'हो ई दुन्नू नएनमा
ने लगन ने पाती नहि कोनो बरियाती
सोहर, समदाओन सुनि सुनि बिह्सैय' छाती
तएँ रखियै बटोरि शब्दक हिरा रतनमा
बहए रनियाँ द'होब'हो ई दुन्नू नएनमा
हाथ ढलओदार छैकैं, दिने पहाड़ छैकैं
पैरवी कि करबए २सलिया करार छैकैं
कहिया ई अलोपित्त हेतए गर्मी सिजनमा
बहए रनियाँ दहोबहो ई दुन्नू नएनमा



**विरेन्द्र कुमार सिंह (कुशवाहा)**
**सिरहा अर्नमा गाउँपालिका -३ (लाल्पुर चौक)**

## ।। हाम्रो देश मा विदेशीनेको लहर भेटिन्छ ।।

यहाँ मातृभूमि त्यागि दिनप्रतिदिन विदेशीनेको लहर भेटिन्छ
मेलापाखा गर्ने त्यो विरे नि आजभोलि गाऊँ छोडि शहर भेटिन्छ
रुँदै छोरा कुर्दै एक्लै बुढेसकाल कटाइरहेकि बुढि आमा
मर्नू भन्दा पहिले छोरोको अनुहार हेर्न पाऊँ भन्ने प्रहर भेटिन्छ
कसको के नै विश्वास गर्नु छ र यो स्वार्थी दुनियाँमा
अमृत पिलाउछु भन्ने कै ब्यवहारमा जहर भेटिन्छ
पाप पखाल्न मठ,मन्दिर,तीर्थ धाउने धनीहरू,जाउ पखाल पाप
उ पर त्यो गरिब को दैलो मा पाप पखाल्ने नहर भेटिन्छ हाम्रो
देश मा विदेशीनेको लहर भेटिन्छ



**लेखक : बबलु शर्मा**

# पहिलो प्राथमिकता स्वदेशी लगानीकर्ता : उद्योगमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले लगानीमैत्री वातावरण बनाउन सरकारले आगामी लगानी सम्मेलनमा पहिलो प्राथमिकता स्वदेशी लगानीकर्तालाई दिनलागेको बताएका छन् ।

जिरी महोत्सवको उद्धाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले सरकारले नेपाली पूँजीलाई पलायन हुन नदिने बताएका हुन् ।



मन्त्री भण्डारीले पुजी पलायन हुने खतरा बढेकोले नेपालको पूँजीलाई पलायन हुन नदिने बताउदै लगानीको पहिलो प्राथमिकता हामी स्वदेशी लगानीकर्तालाई दिने र बाह्य पूँजीलाई पनि हामी नेपालमा भित्र्याउन चाहेकोले बाह्य लगानीकर्तालाई आह्वान गरेको बताए ।

उनले सरकार लगानी सम्मेलनको तिव्र तयारीमा जुटेको उल्लेख गर्दै लगानीमैत्री वातावरण बनाउन विद्यमान कानुन निर्माण र संशोधन गर्न सरकार लागिपरेको बताए ।

उनले लगानीसँग सम्बन्धित कानुन संसद्मा छलफलका क्रममा रहेको जानकारी दिए । लगानीकर्ताको लगानी सुरक्षित बनाउन सरकार दृढ सङ्कल्पका साथ कानुन निर्माण तथा संशोधन गर्न लागेको जानकारी गराउँदै मन्त्री भण्डारीले नेपालको स्वाभिमानसित नबाँभिने गरेर वैदेशिक लगानी भित्र्याइने बताए । उनले नेपालमा पर्यटन, उर्जा तथा अन्य स्वदेशी वस्तुको प्रयोग गरेर उद्योग सञ्चालनको वातावरण राम्रो रहेको बताए ।

जनतामा रहेको निराशालाई चिर्दै सरकार आशा जगाउँदै ठोस योजनाका साथ अघि बढेको उल्लेख गर्दै मन्त्री भण्डारीले राष्ट्रिय समस्याको पहिचान गरेर समाधान गर्नुपर्नेमा जोड दिदै उत्पादन भएका बस्तुले बजार नपाउँदा र पूँजी चलायमान नहुँदा आर्थिक गतिविधि घटेकामा उनले चिन्ता व्यक्त गरेका थिए ।

चालु अधिवेशनमा कानुन संशोधन गरेर अहिलेको आर्थिक समस्या समाधान गर्न सरकार लागिपरेको मन्त्री भण्डारीको भनाइ थियो ।

तीन तहका सरकारबीच समन्वय गरेर सङ्घीय सरकार अघि बढेको उनले बताए । "उत्पादन अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दैछौँ, ब्याजमा अनुदान दिने कार्यक्रम पनि ल्याउँदैछौ, स्थानीय सरकारसँग समन्वय गरेर प्रविधि हस्तान्तरण कार्यक्रम ल्याउने तयारी छ, सरकारले स्वदेशी वस्तुको प्रवर्द्धन गर्न अधिकतम रुपमा नेपाली वस्तु उपभोग गर्ने अभियान सञ्चालन गर्दैछ", मन्त्री भण्डारीले भने ।

# सुरक्षित ऋण प्रवाहमा जोड

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभाका सदस्यहरुले सुरक्षित र सहज तरिकाबाट ऋण प्रभाव हुने गरी विधेयक संशोधन गरिनुपर्नेमा जोड दिएका छन् । सिंहदरबारमा शुक्रबार आयोजित 'सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक' माथि दफाबार छलफलको क्रममा उनीहरुले सुरक्षित र सहज ऋण प्रवाहमा जोड दिएका हुन् ।




विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले ऋण दिने विषयमा सहजता र सुरक्षित हुने गरी विधेयक संशोधन गर्नका लागि सुझाव दिएकी छन् । "संशोधन गर्न बनेको विधेयकमा कसरी सुरक्षित ऋण प्रभाव गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिइयोस्", उनले भने, "ऋण सहज तरिकाले उपलब्ध नभइरहेको अवस्थामा अब सहज तरिकाबाट ऋण प्रभाव हुने गरी नीतिगत व्यवस्था होस् ।"

यसैगरी राष्ट्रियसभा सदस्य भगवती न्यौपानेले एउटै धितोमा पटकपटक ऋण प्रभाव गर्न नपाउने गरी विधेयक संशोधन गर्नका लागि सुझाव दिएकी छन् । यसैगरी राष्ट्रियसभा सदस्य किरणबाबु श्रेष्ठले धितोको मूल्याङ्कन गर्ने मापदण्ड तयार गरेमा सुरक्षित कारोबार हुन सक्ने बताए । राष्ट्रियसभा सदस्य पदम परियारले पछाडि परेका समुदायले सहज तरिकाले ऋण पाउने गरी नयाँ कानुनी व्यवस्था लागू हुनुपर्नेमा जोड दिए ।

कुनै पनि व्यक्ति तथा निकायबाट राष्ट्रिय र अन्तर ष्ट्रियस्तरमा गर्ने कारोबारलाई सुरक्षित र व्यवस्थित बनाउने लक्ष्यका साथ विधेयक संशोधन गर्न लागिएको हो । विश्वव्यापीकरण, आर्थिक उदारीकरण र सूचना प्रविधिमा आएको परिवर्तनले आर्थिक क्रियाकलापमा पनि परिवर्तन आइरहेको सन्दर्भमा कारोबारलाई थप सुरक्षित बनाउने गरी विधेयक परिमार्जन गर्न विषेशज्ञ सुमन आचार्यले सुझाव दिए । उनका अनुसार अन्नबाली खनिज पदार्थ आदिलाई पनि धितोको रुपमा राखिने छ ।

# अहिलेको समीरकण हेरेर विदेशी शक्तिमा रुवावासी : ओली



**टुडे समाचारदाता**

वालिङ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सत्ता समीकरणलाई कमजोर हुन नदिने बताएका छन् ।

शुक्रबार स्याङ्जाको पुतलीबजारमा उद्धाटन गर्दै उनले अहिलेको समीकरणलाई कमजोर हुन नदिने र थप मजबुद बनाउँदै लगिने बताएका हुन् ।

उनले पहिलेको गठवन्धनप्रति व्यंग गर्दै यसअघिको गठवन्धन खरानीको डल्लो जस्तोरहेकोले अलिकती पनि पानी परे फुट्ने खालको थियो,मैले भनेको पनि थिए यस्ता गठवन्धन धेरैबेर टिक्दैन भयो पनि उस्तै तर अहिलेको गठवन्धन मजवुत रहेको र यसप्रति ढुक्क हुन आग्रह गरे ।

वर्तमान समीकरणलाई देखेर विदेशी शक्तिहरुमा रुवावासी चलेको बताउदै देशमा राजनीतिक अस्थितरता,अराजकताबाट मुक्त गर्नैकालागि नया समीरकण तयार गरिएको उनले दावी गरे ।

कम्युनिष्ट आन्दोलनलाई आन्तरिक तथा बाह्य शक्तिहरुले घेराबन्दीमा हाल्ने र प्रहार गर्ने कोशिस भए पनि केही सीप नचल्ने बताए । उनले भ्रष्टाचारका विरुद्ध र सुशासनका पक्षमा पार्टीलाई अगाडि बढाउँदै 'मिसन ८४' लाई निर्णायक तहमा पुऱ्याउने गरी अगाडि बढ्न नेता कार्यकर्तालाई निर्देशन दिए ।

जिल्लाको यस नवौँ अधिवेशनले अध्यक्ष, उपाध्यक्ष, सचिव एक/एक जना, उपसचिव दुई जना र एक सय सदस्य गरी एक सय पाँच जनाको जिल्ला कमिटी चयन गर्नेछ ।

अधिवेशनमा स्याङ्जाका ११ स्थानीय तहका ९७ वडा कमिटी, पार्टीका जनसङ्गठन सबैको प्रतिनिधित्व हुनेगरी कूल छ सय नौ जना प्रतिनिधि रहेका छन् ।

# प्राविधिक र गुणस्तरीय शिक्षा अहिलेको आवश्यकता: राष्ट्रपति



दमौली । राष्ट्रपति रामचन्द्र पौडेलले प्राविधिक र गुणस्तरीय शिक्षा अहिलेको आवश्यकता रहेको बताउनुभएको छ । तनहुँको भिमाद नगरपालिका-६ स्थित जनज्योति क्याम्पसको शुक्रबार आयोजित १६औँ वार्षिकोत्सव तथा नवनिर्मित भवनको उद्धाटन समारोहलाई सम्बोधन गर्नुहुँदै राष्ट्रपति पौडेलले परम्परागत शिक्षाको ढाँचा परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "परम्परागत रुपमा प्रदान गरिएको शिक्षाको ढाँचालाई परिवर्तन गरी प्राविधिक र व्यावसायिक नागरिक उत्पादन गर्ने शिक्षाको खाँचो छ । त्यसतर्फ सरकारले नीति बनाउनुपर्छ ।" राष्ट्रपति पौडेलले जनज्योति क्याम्पसले भिमादको मात्रै नभई आसपासका छिमेकी जिल्लाका विद्यार्थीलाई समेत गुणस्तरीय शिक्षा प्रदान गरेकामा खुसी व्यक्त गर्नुभयो ।

अस्थिर राजनीतिले देश विकासमा बाधा पुगेको बताउँदै राष्ट्रपति पौडेलले राजनीतिलाई स्थिर बनाएर देश विकासमा जुट्न दलहरुलाई आग्रह गर्नुभयो । व्यवस्था, तालिमप्राप्त दक्ष शिक्षक र व्यवस्थापकीय सुव्यवस्थाको सुनिश्चितता गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले त्यसको लागि राष्ट्रिय दृष्टिकोण र स्पष्ट, पारदर्शी, वस्तुनिष्ठ समयानुकुल शिक्षा नीति जरुरी छ भन्नुभयो ।

संविधानले प्रत्याभूत गरेअनुरुप सहज, सर्वसुलभ र गुणस्तरीय शिक्षाको सुनिश्चितता नै आजको आवश्यकता हो भन्दै उहाँले ज्ञान पुँजी सबैभन्दा ठूलो पुँजी हो जसले भौतिक विकास, संस्कार र सभ्यता निर्माणको जग बसाल्छ भन्नुभयो ।

सामाजिक अगुवा एवं शिक्षानुरागीहरूको अथक प्रयासमा डेढ दशकअघि ग्रामीण क्षेत्रमा गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउने उद्देश्यले यस क्याम्पसको स्थापना हुनु खुशीको विषय भएको प्रसङ्ग उल्लेख गर्दै राष्ट्रपतिले तनहुँ, स्याङ्जा, नवलपुर र पाल्पा जिल्लाबाटसमेत उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीको गन्तव्यको रुपमा यसको महिमा बढ्दै जानु स्वभाविक भएको धारणा व्यक्त गर्नुभयो ।

> संविधानले प्रत्याभूत गरेअनुरुप सहज, सर्वसुलभ र गुणस्तरीय शिक्षाको सुनिश्चितता नै आजको आवश्यकता हो भन्दै उहाँले ज्ञान पुँजी सबैभन्दा ठूलो पुँजी हो जसले भौतिक विकास, संस्कार र सभ्यता निर्माणको जग बसाल्छ भन्नुभयो ।

राष्ट्रपति पौडेलले मुलुकको विकासका लागि सबै दलबीच सहमति र सहकार्य आवश्यक रहेको चर्चा गर्नुहुँदै भन्नुभयो, "मैले सबै दलहरुलाई भनेको छु, विकासका लागि एकजुट हुनुस्, अस्थिर राजनीतिले देश विकासमा बाधा पुग्यो ।"

राष्ट्रपति पौडेलले वर्तमान संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बचाउन आफू निष्ठापूर्वक लागिरहने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "मलाई यो देश र व्यवस्था बचाउने जिम्मा दिनुभएको छ, यो संविधान, देश र सङ्घीय लोकतान्त्रिक गणतन्त्र बचाउन म निष्ठापूर्वक लागिरहने तपाईहरुसँग कवुल गर्दछु ।"

उहाँले तनहुँ जिल्लालाई विशिष्ट जिल्ला बनाउन आफूसँग दुईवटा दृष्टिकोण र कार्यक्रम रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "जिपी कोइराला श्वासप्रश्वास केन्द्रलाई शिक्षण अस्पताल बनाउने र हरेक नेपालीलाई एकपटक नआई नहुने खालको भानु साहित्य उद्यान बनाउनुछ ।"राष्ट्रपति पौडेलले देश विकासको मेरुदण्डका रुपमा रहेको शिक्षा क्षेत्रमा पर्याप्त बजेट, भौतिक पूर्वाधार र प्रविधिको

राष्ट्रपति पौडेलले जिल्लाको विकास निर्माणका लागि आफूले निरन्तर खबरदारी गर्दै आएको बताउनुभयो । पौडेलले भन्नुभयो, "एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना, बुद्धसिंह मार्गलगायतमा राम्रो काम हुँदैछ ।

त्यसलाई समयमै सम्पन्न गराउनेतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छु ।"

कार्यक्रममा प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले विकासका सवालमा राजनीति गर्न नहुने बताउँदै राजनीतिक दलबीच सहमति र सहकार्यको आवश्यकता औंल्याउनुभयो ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष जितप्रकाश आलेले क्याम्पसले समयसापेक्ष शिक्षा प्रदान गर्दै आएको बताउनुभयो । क्याम्पस प्रमुख केशवराज काफ्लेका अनुसार क्याम्पसमा तीन सय विद्यार्थी अध्ययनरत छन् ।

यहाँ भिमादका अलवा आसपासका पालिका र जिल्लाबाट समेत विद्यार्थी अध्ययनका लागि आउने गर्दछन् । विद्यालय भवन रु एक करोड १८ लाख लागतमा निर्माण गरिएको हो ।रासस

# संविधान नै राजनीतिक दलको साझा सिद्धान्त होः एकनाथ ढकाल

**काठमाण्डु** । सङ्घीय संसद् होस् वा प्रदेशसभा कुनै एक राजनीतिक पार्टीको बहुमत नभएको अवस्थाले दलहरु एकापसमा मिलेर अघि बढ्नुपर्छ भन्ने सन्देश दिएको छ । प्रमुख राजनीतिक शक्तिबीच सहमति कायम हुनुपर्छ । राष्ट्र, राष्ट्रियता र जनहितका सवालमा कोही पनि पक्ष/विपक्षमा उभिनु हुँदैन । एकमत हुनुपर्छ । लोकतान्त्रिक अभ्यासमा पक्ष-विपक्षमा आ-आफ्ना राय प्रस्तुत गर्न सकिन्छ । प्रमुख शक्तिबीच के विषयमा सामूहिक र के विषयमा आन्तरिक प्रतिस्पर्धा हुने भन्ने स्पष्ट दृष्टिकोण हुनुपर्ने परिस्थिति छ ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान जारी भएपछि संसद्को दोस्रो कार्यकालमा हामी छौँ । नेपालको यो त्यतिधेरै लामो संसदीय अभ्यास होइन । छोटो अभ्यासमै पनि उपलब्ध सीमित साधन, स्रोत र सुविधाका बीच सांसदले जे जस्तो परिस्थितिमा भूमिका निर्वाह गरेका छन्, त्यो उत्कृष्ट नै छ । विगतमा सरकारले नै सदनलाई बिजनेस नदिँदा चाहे जति ऐन, कानुन निर्माण गर्न नसकिएको यथार्थ हो । अहिले सरकार जिम्मेवारका साथ अघि बढेकाले आगामी दिन थप प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ ।

पछिल्लो संसदीय निर्वाचनपछि बनेको संसद् धेरै विषयमा अलमलमा पऱ्यो । प्रधानमन्त्रीको चयन, सरकार गठन, संसदीय समितिको निर्माण, संसद्मा उठेका प्रश्नमा सरकारबाट सम्बोधनका लागि ढिलाइ, सदन अवरुद्धजस्ता यावत कुराले कानुन निर्माणको कामले जुन तीव्रता पाउनुपर्ने हो त्यो हुन सकेन । तर अहिले सदनमा धेरैवटा विधेयक दर्ता भएका छन् । ती विधेयक कतिपय अघि बढ्ने सन्दर्भमा पाइपलाइनमा छन् भने कतिपय छलफलका क्रममा रहेका छन् । केही पारित पनि भएका छन् ।

हाम्रो देशका राजनीतिक दलले राष्ट्रिय सङ्कटका बेला एकै ठाउँमा उभिएर विश्वभर प्रवाह गरेको सकारात्मक सन्देशलाई हामीले बिर्सनु हुँदैन । सदनमा प्रतिनिधित्वका हिसाबले नेपाल कम्युनिष्ट पार्टी(एमाले) धेरै मत प्राप्त गरेको पार्टी हो भने नेपाली कांग्रेस पनि धेरै सिट प्राप्त गरेको पुरानो राजनीतिक दल हो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) पनि मुलुकमा परिवर्तन ल्याउन भूमिका खेलेको एउटा महत्वपूर्ण शक्ति हो ।

संसद्मा अरु नयाँ दलहरुको पनि प्रवेश भएको छ । राष्ट्रिय र दलगत मुद्दाकाबारे राजनीतिक दल स्पष्ट नहुँदा महत्वपूर्ण विषयले समेत प्राथमिकता प्राप्त गर्न नसकेको अवस्था छ । दलहरुबीच एकापसमा आरोप प्रत्यारोप गर्ने शैली र व्यवहारले हामी कहीँ पुग्न सक्दैनौँ । हामीले नयाँ किसिमको राजनीतिक परिपाटी र संस्कार अघि बढाउनुपर्छ, त्यसको विकल्प छैन । सरकारमा गएर आफ्ना नीति तथा कार्यक्रम लागू गर्दै जनतासमक्ष आफूले गरेका प्रतिबद्धता पूरा गर्न कोसिस गर्ने कार्य अस्वाभाविक नभए पनि सत्ता नै सबै कुरा होइन भन्ने पक्षलाई आत्मसात् गर्न जरुरी छ । सत्ता सबै कुरा होइन भन्ने पाटोलाई राजनीतिक दलले बुझ्न आवश्यक छ ।



संसद्को अङ्क गणितअनुसार जसले बहुमत पुऱ्याउँछ उसले संसद् चलाउँछ, अर्को समूह प्रतिपक्षमा बस्छ । सरकार पनि जनतालाई सेवा प्रवाह गर्ने र प्रतिपक्ष पनि जिम्मेवारका साथ प्रस्तुत हुनुपर्छ । कतिपय अवस्थामा दलका नेता अनुचित काममा संलग्न भएका कारणले त्यसबाट जोगिन वा थप लाभ प्राप्त गर्न सधैँ सरकारमै जान खोज्ने चरित्र पनि देखिन्छ । प्रमुख राजनीतिक शक्तिबीच सहमति र सहकार्यकै आधारमा नेपाललाई अघि बढाउनुपर्छ भन्ने लाग्छ । नेपालका राजनीतिक दलको साझा सिद्धान्त भनेको नेपालको संविधान हो । संविधान निर्माणमा परिवर्तनकारी पक्षधर राजनीतिक शक्तिको समान योगदान छ । नेपाली जनताको त्यसमा ठूलो बलिदान छ । त्यो संविधानमा सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक, समावेशीलगायतका मूलभूत उपलब्धिलाई प्रमुख खम्बाका रुपमा स्थापित गरेका छौँ ।

कुनै बेला विश्व साम्यवादी र पुँजीवादी धारमा ध्रुवीकरण र विभाजित रहे तापनि अहिले विश्वमा त्यो वैचारिक बहस अन्त्य भइसकेको छ । नेपालको सन्दर्भमा यहाँका कम्युनिष्ट पार्टी पनि लोकतन्त्रप्रति पूर्ण प्रतिबद्ध रही आवधिक निर्वाचन र प्रतिस्पर्धाका माध्यमद्वारा अघि बढिरहेका छन् । त्यसैले नेपालको लोकतन्त्रमाथि कहीँकतै र कसैबाट पनि खतरा देखिन्न । सदनभित्र देशका राष्ट्रिय जल्दाबल्दा मुद्दामा बहस गरे तापनि बाहिर भने राजनीतिक वैचारिक मुद्दालाई अघि बढाइनुपर्छ भन्ने मेरो मान्यता छ । सदनमा भने कानुन निर्माणलाई नै केन्द्रमा राखेर अघि बढ्नुपर्छ ।

भ्रष्टाचार नेपालको प्रमुख चुनौतीका रुपमा अघि आइरहेको छ । यसले मुलुकको अर्थतन्त्रलाई अत्यन्तै कमजोर बनाएको छ, यो राष्ट्रिय धमिरा नै हो । राजनीतिक दलहरुले सुशासनका नारा सबैले दिए पनि जुन ढङ्गबाट हिजो राज्यसत्ता सञ्चालन भएको थियो, त्यसको निरन्तरताले देशमा सुशासन दिन सकिन्न । जनताले प्रत्याभूति हुने गरी सुशासन कायम हुनुपर्छ । त्यसमा राजनीतिक दलले आफ्ना कामकारवाहीमा सुधार ल्याउनुको विकल्प छैन । यस विषयमा जनतासामु क्षमायाचना गर्न पनि राजनीतिक दल तयार हुनुपर्छ ।

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा बनेको नयाँ गठबन्धनसरकारले अघि सारेको न्यूनतम साझा कार्यक्रममा प्रमुख प्राथमिकतामा सुशासनलाई राखिएको छ । हामीले आशा गर्न सक्छौं कि वर्तमान सरकारले सुशासनका मुद्दालाई बोलीमा मात्र होइन, व्यवहारमा उतार्नेछ । संसद्बाट पनि यसलाई कडारुपमा दबाब सिर्जना गर्छौं, नागरिकले पनि चनाखो हुनुपर्छ, सूचना दिएर सहयोग पुऱ्याउनुपर्छ । नागरिक, संसद् र सरकार सबैको सहकार्य यसमा आवश्यक छ ।

अहिलेको निर्वाचन महँगो भएकाले केही हदसम्म भ्रष्टाचार बढाउन सहयोग पुऱ्याएको छ भन्ने आवाज सुनिएको छ । नेपालका उत्पीडित, आदिवासी र आर्थिकरुपमा विपन्न परिवारले कसरी यो निर्वाचनमा ठूलो रकम खर्च गरेर प्रतिस्पर्धा गर्न सक्लान् भन्ने प्रश्न छ । यो बहस राजनीतिक दल र उम्मेदवारबीच बहसको विषय बनेको छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहीत र निष्पक्ष बनाउन सबैको जोडबल हुनुपर्छ ।

सङ्घीयताको अभ्यासले अधिकारको विकेन्द्रीकरण भएको छ । जनताले अधिकार पाएको महसुस गरेका छन् । काठमाडौँमा केन्द्रित अधिकार सातै प्रदेशमा पुगेको छ । छोटो समयमै प्रदेशको औचित्यमाथि प्रश्न उठाइनुहुन्न । यसबाटै हामीले समतामूलक र समुन्नत नेपाल निर्माण गर्न सक्छौँ । विश्वमा सङ्घीयताको अभ्यासबाट शान्ति, समृद्धि, सामाजिक एकता प्राप्त गरेका मुलुक धेरै छन् । अहिले नै हामीले संविधानले गरेको व्यवस्था र संरचनाको विकल्प खोज्नु हुन्न ।

देशभित्र राजनीतिक स्थायित्व र रोजगारी दिन नसक्दा ठूलो सङ्ख्यामा नेपाली युवा बाहिर जानुपर्ने अवस्था छ । नेपालमा केही छैन, भत्कियो, बिग्रियो भन्ने कुरामा सत्यता छैन । देशमा धेरै कुरा भएका छन्, रोजगारी सिर्जना हुन्छ, पूर्वाधार निर्माण हुन्छ, कृषिमा आधुनिकीकरण हुँदैछ भन्ने सन्देश पनि सबै नागरिकमा पुऱ्याउनुपर्छ । सकारात्मक सन्देश दिनुपर्छ । आफ्ना कमजोरीलाई सुधार गर्दै लैजाने मामिलामा पनि सबै पक्ष सजग र सचेत हुनुपर्छ । नेपालको सबै राजनीतिक पार्टीमा युवापुस्ता अघि आइरहेको छ । समस्याको पहिचानपनि भइसकेको छ ।

> युवालाई स्वदेशमा नै रोजगारी गरी जीवनयापन गर्न सक्ने अवस्था सिर्जना गर्ने वर्तमान सरकारका प्रमुख कार्यसूची छ । सरकारको त्यो कार्यसूची कार्यान्वयन गर्न हामी पक्ष र विपक्ष विभक्त हुँदैनौं । देशलाई समृद्धि बनाउनुपर्छ, सामूहिक प्रयासमा त्यसो गर्न सकिन्छ । युवापुस्तालाई निरास नहुन र धैर्यशाली रहन मेरो आग्रह छ ।

युवालाई स्वदेशमा नै रोजगारी गरी जीवनयापन गर्न सक्ने अवस्था सिर्जना गर्ने वर्तमान सरकारका प्रमुख कार्यसूची छ । सरकारको त्यो कार्यसूची कार्यान्वयन गर्न हामी पक्ष र विपक्ष विभक्त हुँदैनौं । देशलाई समृद्धि बनाउनुपर्छ, सामूहिक प्रयासमा त्यसो गर्न सकिन्छ । युवापुस्तालाई निरास नहुन र धैर्यशाली रहन मेरो आग्रह छ ।

गोरखा जिल्लाको भीमसेन थापा नगरपालिका-८ का स्थायी बासिन्दा नेपाल परिवार दलका संस्थापक अध्यक्ष रहनुभएका सांसद एकनाथ ढकालले पहिलो र दोस्रो संविधानसभा सदस्य तथा नेपाल सरकारको दुई पटक मन्त्रीको जिम्मेवारी सम्हाली सक्नुभएको छ ।

विसं २०६४ देखि दल नै खोलेर राजनीतिमा प्रवेश गर्नुभएका उहाँ २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का तर्फबाट समानुपातिक निर्वाचन प्रणालीमा खसआर्य समूहबाट निर्वाचित हुनुभएको थियो ।रासस

जनकपुर टुडे


# बाइडेन प्रशासनद्वारा आप्रवासीका लागि काम गर्ने अनुमति समय विस्तार गर्ने घोषणा

**एएनआई**

वासिङ्टन डिसी । हालसालै अमेरिकी नागरिकता र अध्यागमन सेवा (युएससीआईएस) ले आधुनिकीकरण प्रयासहरूको आधारमा भीसाका लागि अस्थायी अन्तिम नियम (टीएफआर) घोषणा गरेको छ । यसले काम गर्ने अनुमतिको लागि मुख्य रुपमा आप्रवासीहरूको योग्यताका आधारमा वर्गीकरण गरी सुव्यवस्थित गर्ने आधार तय गरेको छ ।



टीएफआरले निश्चित रोजगार प्राधिकरण कागजात (इएडिएस) का लागि स्वचालित १८० दिनको अवधिलाई ५४० दिनसम्मका लागि विस्तार गरेको छ । यो नियमले अघिल्लो १२ महिनाको कर्मचारीको कागजात प्रमाणिकरण (इएडिएस)का लागि छोटो पारिएको समयसमेतलाई सम्बोधन गर्छ ।

बिहीबार घोषणा गरिएको अस्थायी उपायले पहिले नै कार्यकारी तथा गैर-नागरिकहरूको रोजगार प्राधिकरण र कागजात समाप्त हुनबाट रोक्नेछ । अमेरिकी नागरिकता र अध्यागमन सेवाले उनीहरूको विचाराधीन कागजात प्रमाणिकरण नवीकरण आवेदनहरूको निर्णय गर्न पर्खिरहेका छन् । यसै सम्बन्धमा अमेरिकी रोजगारदाताहरूका लागि भने सञ्चालनको निरन्तरता सुनिश्चित छ । अर्थतन्त्रलाई समर्थन गर्दै कार्यबलमा कार्यरत व्यक्तिहरूलाई सुविधा प्रदान गर्ने बाइडेन प्रशासनको पछिल्लो कदम हो ।

दक्षिण एसियाली आप्रवासीहरूलाई लाभान्वित गर्ने यो ऐतिहासिक घोषणाले ह्वाइट हाउस एसियाली अमेरिकी र हवाइ प्यासिफिक आइल्यान्ड (एएएनएचपीआई) कमिसनमा राष्ट्रपति बाइडेनका सल्लाहकार अजय भुटोरियाले गरेको सिफारिसलाई अनुशरण गरेको देखिन्छ । भुटोरियाको प्रयासले आप्रवासन सुधार र ग्रिन कार्ड पर्खाइलाई घटाउने लक्ष्य राखेको छ । यसबाट दश लाखभन्दा बढी दक्षिण एसियालीहरू लाभान्वित भएका छन् ।ह्वाइट हाउस एएएनएचपीआई आयोगलाई उहाँको अघिल्लो सिफारिसहरूले संयुक्त राज्य अमेरिकाभित्र अस्थायी भिसाका लागि आन्तरिक नवीकरण गर्न प्रमुख परियोजना सुरु गर्न नेतृत्व गरेको हो । युएससीआईएसको घोषणा आप्रवासी समुदायलाई प्रभाव पार्ने नीतिहरूलाई आकार दिन सामुदायिक वकालत र सहयोगी प्रयासहरूको प्रभावको प्रमाण हो ।गत वर्ष, युएससीआईएस कार्यबलले योग्य व्यक्तिहरूमा कामको पहुँच सुधार गर्ने समग्र लक्ष्यलाई समर्थन गर्दै धेरैजसो रोजगार प्राधिकरण कागजात भएको समूहका लागि भिषा समय घटाएको छ । यद्यपि, नवीकरण संयन्त्रलाई असर गर्ने रोजगार प्राधिकरण आवेदनहरूको रेकर्ड स‍ङ्‍ख्या पनि प्राप्त गरेको युएससीआईएसका निर्देशक उर एम जादोउले प्रेस विज्ञप्तिमाफत जानकारी दिनुभयो ।

विद्यमान अस्थायी स्वचालित विस्तारलाई ५४० दिनसम्म लम्ब्याउँदा रोजगार प्राधिकरणहरूमा त्रुटिहरूबाट बच्न सकिन्छ । यो घोषणाले सार्वजनिक टिप्पणीहरू मागेर दीर्घकालीन समाधानहरू विचार गर्न अतिरिक्त मार्ग प्रदान गर्दछ । यसैगरी रोजगार प्राधिकरणका लागि योग्य गैर-नागरिकहरूले लाभ कायम राख्न सक्छन् भन्ने सुनिश्चितता सहित नयाँ रणनीतिहरू पहिचान गर्दछ । जसमा शरणर्थीहरु स्थायी निवासका लागि आवेदन दिने विदेशी नागरिकहरू परिवर्तनका दुई मुख्य लाभग्राही वर्गहरु हुनेछन् ।

युएससीआईएसका प्रवक्ताका अनुसार नयाँ नियम लागु नभएमा आठ लाख आप्रवासीहरू रोजगारी गुमाउने जोखिममा थिए ।'द हिल'का अनुसार बाइडेन प्रशासनले ।

सन् २०२३ अक्टोबर २७ सम्मका लागि २०२२ मा गरिएको प्रारम्भिक विस्तार समाप्त भएपछि यो दोस्रो पटकको लागि ५४० दिनको म्याद थप गरेको घोषणा गरेको हो । नयाँ विस्तार २०२२ द्वारा सम्बोधन गरिएका सबै प्रकारका आप्रवासी स्तरहरूमा लागू हुनेछ ।

# बरोडासंग नेपालको लज्जास्पद हार



**टुडे समाचारदाता**

काठमाण्डु । भारतमा जारी एसएमएस फ्रेन्डसिप कपअन्तर्गत लिगको अन्तिम खेलमा शुक्रबार बरोडाले नेपाललाई ३७ रनले पराजित गरेको छ । जितका लागि बरोडाले प्रस्तुत गरेको एक सय ५७ रनको लक्ष्य पछ्याएको नेपाल १८ दशमलव पाँच ओभरमा अलआउट हुँदै एक सय १९ रनमा समेटियो ।

नेपालका लागि सन्दीप जोराले सर्वाधिक ५६ रन बनाए । उनले ४३ बल खेल्ने क्रममा चार छक्का र तीन चौका प्रहार गरे । साथै विवेक यादवले १७, कुशल भुर्तेलले १६ रन बनाए भने अन्य ब्याटरले उल्लेखनीय रन बनाउन सकेनन् । कुशल मल्लले तीन, दीपेन्द्र सिंह ऐरी र आकाश जिसीले समान दुई/दुई रन बनाए भने अनिल साह र गुलशन झाले समान एक/एक रन बनाए । बरोडाको जितमा ध्रुव पटेलले चार विकेट लिए भने लक्षित टोक्सियाले तीन र जय आभालेले दुई विकेट लिए ।

साथै हेमन्त पुण्डेले एक विकेट लिए ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बरोडाले निर्धारित २० ओभरमा आठ विकेटका क्षतिमा एक सय ५६ रन बनाएको थियो । उसका लागि शाश्वत रावतले ३१ रनको योगदान दिए भने ध्रुव पटेलले २९ रन बनाए । साथै अमित पासीले २६, मोहित मोङ्गियाले २० र अभिमन्यु सिंह राजपुतले ११ रन बनाए ।नेपालका लागि करन केसी र गुलशन झाले दुई/दुई विकेट लिए भने आकाश चन्द, प्रतीश जिसी, ललित राजवंशी र दीपेन्द्र सिंह ऐरीले एक/एक विकेट लिए ।

जारी प्रतियोगितामा नेपाल र गुजरात यसअघि फाइनलमा पुगिसकेका छन् । नेपाले गुजरातसँग भएका दुवै खेल र बरोडासँग भएको एक खेलमा विजयी हुँदै फाइनलमा पुगेको थियो ।

# चीनको औद्योगिक अनुदानले विश्व अर्थतन्त्रलाई जोखिम : येलेन

**एएफपी**

गान्झाओ । चीनले उद्योगका लागि दिएको अनुदानले विश्वव्यापी आर्थिक लचिलोपनका लागि खतरा निम्त्याउन सक्ने चेतावनी चीन भ्रमणका क्रममा रहनुभएका अमेरिकी ट्रेजरी प्रमुख जेनेट येलेनले शुक्रबार बताउनुभएको छ ।एक वर्षभन्दा कम समयको अन्तरालमा विश्वको दोस्रो ठूलो अर्थतन्त्रको भ्रमणका क्रममा चिनियाँ अधिकारीसँग भेट्ने क्रममा येलेन बिहीबार ग्वाङ्झाओ आइपुग्नुभएको छ ।



उहाँले भन्नुभयो, "चीनको अत्यधिक निर्यात क्षमता र उद्योगमा यसले दिएको ठूलो अनुदानले विश्व बजारमा आर्थिक समस्या ल्याउने वस्तुहरूको अधिकता सिर्जना गर्ने जोखिम निम्त्याउँछ र यसले अमेरिकी र अन्य देशका फर्महरूलाई कमजोर पार्छ ।""चीनको घरेलु मागभन्दा उल्लेखनीय रूपमा बढी छ । विश्व बजारले के सहन सक्छ भन्नेमा जिम्मेवार मुलुकले सोच्नुपर्छ । चीनको प्रत्यक्ष र अप्रत्यक्ष सरकारी सहयोगले हाल अत्यधिक उत्पादन क्षमतातर्फ डोऱ्याइरहेको छ ।"

उहाँले भन्नुभयो, "क्षमताभन्दा बढी क्षमताका कारण ठूलो परिमाणमा निर्यात हुन सक्छ र यसले आपूर्ति शृ‍ङ्‍खलाको अतिकेन्द्रीकरण गर्न सक्छ, जसले विश्वव्यापी आर्थिक लचिलोपनको लागि जोखिम निम्त्याउन सक्छ ।

"चीनको सुधार र विकासको प्रतीक मानिने ग्वाङझाओ र चीनको आर्थिक वृद्धिलाई गति दिएको ग्वाङझाओका गभर्नरसँगको भेटमा उहाँले अमेरिका 'स्वस्थ आर्थिक सम्बन्ध' को लागि प्रतिबद्ध रहेको पनि बताउनुभयो ।

तर, यसका लागि 'अमेरिकी कामदार र फर्महरूका लागि समान खेल मैदान' को आवश्यकता पर्दछ अर्थात् चीनमा अमेरिकी लगानीलाई प्रोत्साहन गर्न समानताका आधारमा व्यवहार गर्नुपर्ने र असहमत भएका क्षेत्रहरूमा खुला र प्रत्यक्ष सञ्चारको आवश्यकता हुनुपर्छ । येलेनले भन्नुभयो, "यसमा संयुक्त राज्य अमेरिका र अन्य देशहरू चिन्तित बनाएको चीनको औद्योगिक क्षमताको मुद्दा पनि समावेश छ । यसले विश्वव्यापी 'समस्या'लाई निम्त्याउन सक्छ ।

बेइजिङले उद्योगका लागि आफ्नो विशाल राज्य समर्थनको बारेमा चिन्तालाई अस्वीकार गरेको छ, गत महिना ईभीको लागि यसको सब्सिडीमा ईयूको जाँचलाई 'संरक्षणवाद' र अन्तर्राष्ट्रिय व्यापारको राजनीतिकरण गर्ने पश्चिमी प्रयासको एक भागको रूपमा निन्दा गरेको थियो ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले स्वच्छ ऊर्जामा घरेलु उत्पादनलाई बढावा दिन जोड दिइरहेका बेला निर्यातको बाढीबारे वासिङ्टनको चिन्ता आएको हो । चीनको अतिरिक्त क्षमताले ती उद्योगहरूको वृद्धिलाई हानि पुऱ्याउन सक्ने नीति निर्माताहरूले चेतावनी दिएका छन् ।'अलब्राइट स्टोनब्रिज ग्रुप'का चीनका लागि साझेदार पल ट्रियोलोले भन्नुभयो, " विशेष गरी निर्वाचन वर्षमा बाइडेन प्रशासन चीन र विद्युतीय सवारी साधनको बारेमा अमेरिकी अटो उद्योगको चिन्ताप्रति धेरै संवेदनशील देखिएको छ ।"

उहाँले एएफपीसँगको कुराकानीमा भन्नुभयो, "सम्भवतः प्रशासनले विद्युतीय सवारी साधनमा चीनको अत्यधिक क्षमताका कारण भविष्यमा उत्पन्न हुने समस्यालाई रोक्नका लागि पूर्वतयारीका साथ काम गर्न इच्छुक छ भन्ने देखाउन केही कदम चाल्नेछ ।"अमेरिकी कार उत्पादन कम्पनीमा यसको असर अझै नदेखिएको तर चीन नीतिको 'नराम्रो असर' दिने चेतावनी उहाँले दिनुभएको छ ।

# भारी वर्षाका कारण सिड्नी एयरपोर्टमा एक सयभन्दा बढी उडान रद्द

**सिन्ह्वा**

सिड्नी । अष्ट्रेलियाको न्यु साउथ वेल्समा भारी वर्षाका कारण सिड्नी एयरपोर्टमा १०० भन्दा बढी उडान रद्द भएका छन् ।

वर्षाका कारण पाँच वटा अन्तर्राष्ट्रिय उडान तथा १०९ वटा घरेलु उडान रद्द भएका हुन् । बर्ष र बाढीको प्रकोप बढ्दै गएकाले आगामी केही घन्टाहरूमा रद्द भएका उडानको संख्या बढ्ने देखिएको छ ।सिड्नी विमानस्थलका प्रवक्ताले स्थानीय सञ्चारमाध्यमलाई बाढी आएपनि रनवेहरू खुला रहेको पुष्टि गर्नुभयो, तर यात्रुहरूले समय बित्दै जाँदा थप ढिलाइ हुने विषयमा विश्वस्त देखिन्छन् ।

प्रवक्ताले आँधीबेहरीका कारण केही उडान रद्द र केहीमा ढिलाइ भएको बताउदै यात्रुहरूलाई उडानको स्थितिबारे सम्बन्धित एयरलाइन्ससँग सम्पर्कमा रहन आग्रह गर्नुभयो । न्यु साउथ वेल्स क्षेत्रमा रातारात तीव्र र व्यापक वर्षा भएपछि सिड्नीमा सबैभन्दा बढी क्षति भएको छ ।स्थानीय मौसम सेवा प्रदायक 'वेदरजोन'को तथ्याङ्कले सिड्नीमा शुक्रबार बिहानसम्म २४ घण्टामा १११ मिलिमिटरको वर्षाको साथ पूर्ण डुबानको सामना गरेको थियो ।

गम्भीर मौसमी प्रभावले ११ वटा रेल लाइनहरू जोड्ने यातायात केन्द्र 'रेडफर्न स्टेसन'मा उपकरणमा क्षति पुग्दा रेल सेवासमेत प्रवावित भएको छ । रेडफर्नमा मौसमले उपकरणलाई क्षति पुगी विमानको उडानमा ढिलो भएका कारण रेलहरू समेत निर्धारित समयमा सेवा दिन सकेका छैनन् । मौसम प्रीतिकुल नहुँदासम्म हवाई तथा रेल सेवामा ढिलाइ र अवरोध जारी रहने सूचना गरिएको न्यु साउथ वेल्सको सरकारी सडक तथा यातायात कार्यालयले सामाजिक सञ्जालमार्फत उल्लेख गरेको छ ।

अस्ट्रेलियाको मौसम विभाग (बिओएम) को पूर्वानुमान अनुसार अझै थप वर्षा हुने सम्भावना बाँकी छ । इलावारा एस्कार्पमेन्ट र ग्रेटर सिड्नी क्षेत्रका भित्री भागहरूमा पनि भारीमात्रामा वर्षा हुने सम्भावना छ । उक्त क्षेत्रमा तीन सय मिलिमिटरसम्म वर्षा भएको आँकलन गरिएको छ ।

गम्भीर आँधीबेहरीको सम्भावना देखिएकाले शक्तिशाली आँधी र तीव्र हावाका साथ स्थानीय आकस्मिक बाढी र पानीको छेउमा धेरै खतरनाक अवस्था निम्त्याउन सक्ने बिओएम मौसमविद् एङ्गस हाइन्सले बताउनुभएको छ ।विभागले बाढी आउनसक्ने र डुबान हुनसक्ने सिड्नी महानगर, इलावारा र अन्य पाँच वटा पूर्वानुमानित जिल्लाहरूका मानिसहरूलाई सतर्क रहन आग्रह गर्दै कडा मौसमी चेतावनी पनि जारी गरेको छ ।

# आयरल्याण्ड 'ए'संग नेपाल ए को हारक्रम जारी



**टुडे समाचारदाता**

काठमाण्डु । आयरल्याण्ड 'ए'ले एक खेल अगावै एकदिवसीय क्रिकेट शृंखलामाथि कब्जा जमाएको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा शुक्रबार भएको दोस्रो एकदिवसीय खेलमा आयरल्याण्ड 'ए'ले नेपाल 'ए'लाई एक सय १४ रनको फराकिलो अन्तरले पराजित गर्दै शृंखलामा कब्जा जमाएको हो । आयरल्याण्ड 'ए' पहिलो खेलमा २१ रनले विजयी भएको थियो ।

आयरल्याण्ड 'ए'ले जितका लागि प्रस्तुत गरेको एक सय ७५ रनको लक्ष्य पछ्याएको नेपाल 'ए' १६ दशमलव पाँच ओभरमा ६० रनमा समेटियो । नेपाल 'ए' टोलीका कुनै पनि ब्याटरहरुले उल्लेख्य रन बनाउन सकेनन् ।

नेपाल 'ए'का लागि भीम सार्कीले १७ र कप्तान विनोद भण्डारीले १६ रन बनाउनुबाहेक अन्य कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । पाँच ब्याटरहरु देव खनाल, आरिफ शेख, रिजन ढकाल, कमल ऐरी र मौसम ढकाल शून्य रनमा आउट भए । नरेन भट्टले छ, अर्जुन साउदले पाँच, बसिर अहमदले छ र सहाब आलमले एक रन बनाए ।

आयरल्याण्ड 'ए'का लागि म्याथ्यु हम्फ्रिज एक्लैले छ विकेट लिए । साथै फिओन ह्याड र थोमस माएजले दुई/दुई विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आयरल्याण्ड 'ए'ले ३८ दशमलव चार ओभरमा अलआउट हुँदै एक सय ७४ रन बनाएको थियो ।

उसका लागि गानिभ होयले अर्धशतकीय पारी खेले । उनले ५९ बल खेल्ने क्रममा दुई छक्का र पाँच चौको सहयोगमा ५० रन बनाए । कप्तान निल रकले ३८ बलमा तीन छक्का र तीन चौकाको सहयोगमा ४५ रन बनाए भने लियाम मकार्थीले ३५ रन बनाए । साथै पिटर मुरले १७ रन बनाउनुबाहेक अन्य ब्याटरले उल्लेख्य रन बनाउन सकेनन् ।

नेपाल 'ए'का लागि रिजन ढकाल र सहाब आलमले तीन/तीन विकेट लिए भने मौसम ढकालले दुई र कमल ऐरीले एक विकेट लिए । प्रतियोगिताको अन्तिम खेल आइतबार हुनेछ ।

# भारतमा मुद्रास्फितिको जोखिम कायमै : ब्याजदर यथास्थितिमा रहने

**एएफपी**

मुम्बई । भारतमा मुद्रास्फीतिको जोखिम र बलियो आर्थिक वृद्धि दुवैको सम्भावना रहेको बताउँदै केन्द्रीय बैङ्कले शुक्रबार लगातार सातौं पटक ब्याज दरमा कुनै परिवर्तन गरेको छैन ।

भारतीय रिजर्भ बैंक अफ इन्डिया (आरबीआई) ले आफ्नो महत्त्वपूर्ण 'पुनः खरिद् सम्झौता (रिपो रेट)' ६.५० प्रतिशत कायम रहने बताएको छ ।विश्वका प्रमुख केन्द्रीय बैंकहरूले यस वर्ष ब्याजदर कटौतीको सङ्केत दिएका छन् ।भारतमा मुद्रास्फिति घट्दो क्रममा छ, तर अझै पनि आरबीआईको चार प्रतिशतको लक्ष्यभन्दा माथि छ ।

सरकारले देशका विभिन्न भागमा गर्मी बढ्ने र यसले खाद्यान्नको मूल्य वृद्धि हुने चेतावनी समेत दिएको छ ।बलियो आर्थिक वृद्धिले पनि दर कटौतीको तत्काल आवश्यकतालाई कम गरेको छ ।उत्पादन क्षेत्रमा वृद्धि भएसँगै भारतको अर्थतन्त्र डिसेम्बरमा पूरा भएको त्रैमासिकमा ८.४ प्रतिशतको दरले वृद्धि भएको छ । यसले विश्लेषकहरूको सामान्य पूर्वानुमानलाई गलत सावित गरिदिएको छ ।

आरबीआईका गभर्नर शक्तिकान्त दासले भन्नुभयो, "आगामी दिनमा बलियो वृद्धिको सम्भावनाले मुद्रास्फीतिमा ध्यान केन्द्रित गर्न र चार प्रतिशतको लक्ष्यमा मुद्रास्फीतिलाई कायम गर्न नीतिगत बल प्रदान गरेको छ ।"तर खाद्यान्नको मूल्यमा अनिश्चितताले चुनौती खडा गरिरहेको छ", उहाँले भन्नुभयो, "त्यसैले मौद्रिक नीति सक्रिय रूपमा अवमूल्यनकारी भइरहनुपर्छ ।"

सन् २०२२ को मे देखि सन् २०२३ को फेब्रुअरीसम्म ब्याजदरमा २.५ प्रतिशत बिन्दुले वृद्धि गरिएको थियो ।फेब्रुअरीमा भारतको खुद्रा मुद्रास्फीति जनवरीको तथ्याङ्कमा अपरिवर्तित रहँदै ५.०९ प्रतिशत कायम भएको थियो । खाद्य र ईन्धन लागत समावेश नगरिने देशको 'आन्तरिक मुद्रास्फीति' चार प्रतिशतभन्दा कम रहेको छ ।

मार्च ३१ मा समाप्त भएको आर्थिक वर्षमा, विशेषज्ञहरूले भारतको वृद्धि दर ७.५ प्रतिशतदेखि आठ प्रतिशतको बीचमा रहेको अनुमान गरेका छन्, जुन सबै प्रमुख अर्थव्यवस्थाहरूमध्ये सबैभन्दा उच्च हो ।फेब्रुअरीमा, भारतले अप्रिल १९ मा सुरु हुने राष्ट्रिय निर्वाचनअघि अन्तिम बजेटमा सस्तो लोकप्रियताका लागि हुने खर्चलाई बेवास्ता गरेको चालू आर्थिक वर्षका लागि अपेक्षा गरिएकोभन्दा कम वित्तीय घाटाको घोषणा गरेको थियो ।

# संयुक्त राष्ट्रसङ्घीय अधिकार परिषदद्वारा इजरायललाई हतियार बिक्री रोक्न आग्रह

## निर्वाद हतियार खरिद विक्रीको परिणाम स्वरुप भएको गाजा युद्धले ३३ हजारभन्दा बढी प्यालेष्टिनीको ज्यान लिएको छ ।

**एएफपी**

जेनेभा ।संयुक्त राष्ट्र मानव अधिकार परिषदले शुक्रबार इजरायललाई हतियार बिक्रीमा रोक लगाउन माग गर्ने विषयमा बहस गरिरहेको थियो ।

निर्वाद हतियार खरिद विक्रीको परिणाम स्वरुप भएको गाजा युद्धले ३३ हजारभन्दा बढी प्यालेष्टिनीको ज्यान लिएको छ । मारिनेमा अधिकांश सर्वसाधारण नागरिक परेका छन् । आग्रह स्वीकृत भएमा संयुक्त राष्ट्रसङ्घको शीर्ष अधिकारीक निकायले घेराबन्दी गरिएको प्यालेस्टिनी क्षेत्रलाई रक्तपातपूर्ण युद्धको स्थितिलाई रोक्न सफल हुनेछ ।

मस्यौदाले सम्बन्धित देशहरुलाई इजरायलमा हतियार, तथा अन्य सैन्य उपकरणहरूको बिक्री, हस्तान्तरण रोक्न आह्वान गरेको छ । मस्यौदाको आवश्यकता अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लङ्घन रोक्नको लागि महत्वपुर्ण रहेको परिषद्ले जनाएको छ । मस्यौदाले अन्तर्राष्ट्रिय न्यायिक अदालतले जनवरीमा गाजामा 'नरसंहारको सम्भावित जोखिमको फैसला गरेको' कुरामा जोड दिन्छ ।

अल्बानिया बाहेकका इस्लामिक सहयोग सङ्गठन (ओआईसी) का सदस्यको तर्फबाट पाकिस्तानले अगाडि सारेको मस्यौदा प्रस्तावमा तत्काल युद्धविराम तथा आपतकालीन मानवीय पहुँच र सहयोगका लागि आह्वान गरिएको छ ।गत हप्ता संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले पनि युद्धविरामको आह्वान गर्ने प्रस्ताव पारित गरेपछि यस्तो आग्रह आएको हो । तर, युद्धविरामको मागले युद्ध ग्रस्त भूमिमा कुनै असर पारेको छैन ।

अधिकार परिषद्को मस्यौदा प्रस्तावमा इजरायली सर्वसाधारण बसोबास गर्ने क्षेत्रमा रकेट प्रहार गरेकोमा यसको निन्दा गर्दै बाँकी सबै अक्टोबर ७ को आक्रमणमा कब्जामा लिइएका बन्धकहरूको तत्काल रिहाइको माग गर्दछ । प्यालेस्टिनी क्षेत्रहरूमा इजरायली नियन्त्रण समाप्त गरी गाजा पट्टीमा नाकाबन्दीलगायतका कार्य तुरुन्तै हटाउन माग गरेको छ । मस्यौदाले नरसंहारका धेरै सन्दर्भहरू हटाउदै यस विषयमा गम्भीर चिन्ता जारी राखेको छ ।

जसले गाजाभित्र र बाहिर प्यालेस्टिनीहरूको निरन्तर जबरजस्ती स्थानान्तरण रोक्न आग्रह गर्दछ ।मस्यौदा प्रस्तावले गाजामा युद्धको विधिका रूपमा नागरिकहरूलाई भोकमरीको बाध्यतामा पारेको भन्दै यसको निन्दा गरेको छ । जहाँ संयुक्त राष्ट्र सङ्घले गाजामा चरम अनिकाल व्याप्त भइसकेको बताउँदै जानाजानी खाना, पानी, बिजुली, इन्धन र दूरसञ्चारलगायत नागरिकहरूको अस्तित्वका लागि बाधा पारी आधारभूत आवश्यक वस्तुहरूबाट वञ्चित गरिएकोमा यसको विरोध गरेको छ ।

# नस्ल सुधारका लागि ल्याइएका याक दुब्लाउँदै गए



**मनाङ** । सोलुखुम्बुको याक आनुवांशिक स्रोत केन्द्र स्याङ्बोचेमा उत्पादन भएका शुद्ध नस्लका लागि मनाङ ल्याइएका नौवटा याक दुब्लाउँदै गएका छन् । हावापानी तथा भूगोल परिवर्तन हुँदा यिनीहरु राम्ररी फस्टाउन नसकेका गण्डकी प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले जनाएको छ।

आकारमा साना भएकाले यहाँका ठूला याकहरुसँगै राख्न पनि समस्या भएको मनाङ याकचौंरी पालन तथा संरक्षण माथि जाने बेला नभएकाले जहाँ वितरण गरिएको थियो सोही ठाउँमा ती याकलाई राखिएको जानकारी दिनुभयो । नार्पाभूमिका लागि छुट्याइएका याकहरु हालसम्म पनि सो पालिकाले नलैजाँदा महिनाको रु ३० हजार खर्च गरी ब्याडका रुपमा पालिरहेको उहाँले बताउनुभयो ।

गत पुस १९ गते सोलुखुम्बुबाट मनाङ हिँडाइएका नौवटा याक मनाङ आइपुगेका थिए । ती याक यहाँका किसानलाई वितरण गरिएको थियो । डिस्याङ गाउँपालिकाको पिसाङ समूहलाई एक, भ्राकास्थित थियो । चारवटा पालिका रहेको जिल्लामा हरेक पालिकालाई दुईवटाका दरले वितरण गर्ने भनिए पनि नार्पाभूमि गाउँपालिका विकटमा हुनुका साथै त्यहाँका कोही पनि सम्पर्कमा नआएपछि संस्थामै राखिएको अध्यक्ष थकालीले बताउनुभयो ।

२५ प्रतिशत किसानले बेर्होर्ने गरी वितरण गरिएका सबै याकको बीमा गरिएको, काटमार तथा बेचबिखन गर्न नपाइने सर्त राखिएको उहाँको भनाइ छ।

पशुपन्छी तथा मत्स्य विकास

> २५ प्रतिशत किसानले बेर्होर्ने गरी वितरण गरिएका सबै याकको बीमा गरिएको, काटमार तथा बेचबिखन गर्न नपाइने सर्त राखिएको उहाँको भनाइ छ ।

संस्थाका अध्यक्ष सुरेश थकालीले बताउनुभयो । उहाँले भन्नुभयो, “भूगोल परिवर्तन भएर होला त्यति खुसीसँग रमाएको पाइएको छैन । यिनीहरुलाई जोगाउन पनि समस्या जस्तै भएको छ ।” आकारमा साना भएकाले ठूला याकले हानेर मारिदिने डर कायमै रहेको उहाँले बताउनुभयो । अध्यक्ष थकालीले तीन गोठलाई एक तथा नार्सौं गाउँपालिकाका तीन समूहलाई एक/एकका दरले वितरण गरिएको थियो।

चामे गाउँपालिकामा समहूलाई र तीन गोठको समूहलाई एक/एक वटा वितरण गरिएको छ। बाँकी दुई याक याकचौंरी संरक्षण संस्थामा हेरालुको व्यवस्था गरी राखिएको निर्देशनालयले ल्याएका सबै भाले याक हुन् । हाडनाता प्रजनन्ले मनाङ्का याकको नस्ल राम्रो नभएकाले किसानको २५ प्रतिशत लागत साझेदारीमा ती याक वितरण गरिएको निर्देशनालयले जनाएको छ। सरकारी मूल्यअनुसार रु २० देखि २५ हजारमा ती याक किनिएको हो ।रासस

# अठार करोडको आयोजनालाई साठी लाख बजेट

**गलकोट** । तीन वर्षदेखि पहिरो रोकथामको प्रयास नहुँदा बागलुङ्को दक्षिण भेग जोड्ने सडक पटक-पटक अवरुद्ध हुँदै आएको छ। पहिरो रोकथामा लागि रु १८ करोडको आयोजना निर्माणको खाका बनाइए पनि बजेट प्राप्त नहुँदा समस्या भएको छ।

हिउँद होस् वा बर्खा पहिरोका कारण पटक-पटक अवरुद्ध मात्रै हैन सडकको १०० मिटर ट्र्याकनै बगाएपछि पहिरो नियन्त्रण ठूलो समस्या बनेको छ । तीन वर्षअघिको असारमा पहाड नै खसेर सडक बगाएपछि जिल्लाका दक्षिणी भेग बलेवा, जैमिनी नगरपालिका र बरेङ गाउँपालिकाको सडक सञ्जाल समस्यामा परेको छ।



वैकल्पिक ट्र्याक पनि खोल्न नसक्दा सडक सञ्जालमा दक्षिण भेग टुट्दै आएपछि गण्डकी प्रदेश सरकारको पहलमा दुई पटकसम्म पहिरो समाधानका लागि अध्ययन भएको छ । पहिरो नियन्त्रणका लागि दुई पटक अध्ययन गरेर विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गरे पनि हालसम्म कुनै काम भएको छैन बरु पहिरोको अध्ययनमा मात्रै रु ५७ लाख खर्च भएको पाइएको छ।

पूर्वाधार विकास कार्यालय बागलुङ्का प्रमुख दिनेशकुमार घिमिरेले पहिरो रोकथाममा रु १७ करोड ९९ लाख खर्च लाग्ने अन्तिम प्रतिवेदनमा उल्लेख भए पनि चालु आर्थिक वर्षमा जम्मा रु ५० लाख बजेट आउँदा काम गर्न नसकिएको बताउनुभयो । “पहिरो बर्सेनि बढिरहेको छ, कुश्मिसेरा जाने सडकको दुई वटा घुम्ती र कालीगण्डकी करिडोरसमेत तीन ठाउँमा बगाएको छ, जोखिम मोलेर पहिरो खसेको स्थानबाटै सवारी साधन सञ्चालन भएका छन् । पानी पर्दासाथ सडक अवरुद्ध हुन्छ, पहिरो बढ्दै जाँदा गलुवाका छ घर जोखिममा पर्ने सम्भावन बढेको छ, वैकल्पिक मार्ग बनाउन अध्ययनले असम्भव देखाएको छ, कालीगण्डकी नदीमा पुल नबने त्यही सडकको विकल्प छैन”, शर्माले भन्नुभयो, “गण्डकी प्रदेश सरकारले विज्ञको समूह बनाएर दुई पटकसम्म पहिरो रोकथामको लागि अध्ययन गरेको थियो, पहिलो अध्ययनले पहिरो समाधानमा रु सात करोड लाग्ने प्रतिवेदन तयार गरे पनि पहिरोको एक्सरे गरेपछि विज्ञले लागत बढाएर रु १७ करोड ९९ लाख खर्च हुने पुऱ्याएका थिए। त्यसलाई गण्डकी प्रदेशको नीति तथा योजना कार्यालयले पारित गरिसकेको छ।”

पहिरोको समस्या समाधानका लागि पूर्वाधार कार्यालयमा चालु आर्थिक वर्षमा रु ५० लाख र जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङमा रु १० लाख बजेट आए पनि पहिरो नियन्त्रणसम्बन्धी काम भएको छैन । पर्याप्त बजेट प्राप्त नहुँदा काम गर्न नसकिएको पूर्वाधार विकास कार्यालय बागलुङ्का प्रमुख घिमिरेले बताउनुभयो । उहाँले पहिरोको माथि नाली निर्माण गर्न तत्काल रु चार करोड आवश्यक पर्ने भन्दै रु ५० लाखमा काम गर्न नसकिने बताउँदै बागलुङ नगरपालिकामा उक्त बजेट पठाउन समन्वय गरिरहेको जानकारी दिनुभयो।

तत्काल अस्थायी र भविष्यमा दीर्घकालीन सामाधानका लागि काम गर्नुपर्ने भए पनि उक्त पहिरो अध्ययनमै सीमित हुँदा जनता मारमा परेको जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले बताउनुभयो। “पहिरोको दीर्घकालीन समाधान खोज्दै गरौंला, तर पहिरो गएको तीन वर्षसम्म नगरपालिकाको डोजरले पहिरो पन्छाउने बाहेक अन्य काम भएको छैन”, थापाले भन्नुभयो, “अहिले विनियोजन भएको पूर्वाधारको रु ५० लाख, सिँचाइको रु १० लाख र नगरपालिकाको उपकरणले पहिरो रोकथामका लागि केही प्रयास गर्न सकिन्छ भन्ने लाग्छ, थोरै बजेट आए थोरै काम गरौंभन्दा बर्खा लागिसक्यो, जनताले दुःख पाइरहने, प्राविधिकले अध्ययन गरिरहने हो भने गलुवा सबै बगेर कालीगण्डकीमा मिसिन्छ।”

बागलुङ नगरपालिका-१० गलुवास्थित दब्ल्याङमा पहिरोले गण्डकी प्रदेशसभा मात्र होइन सङ्घीय संसद्मा पनि उठेको विषय हो । सडकको विकल्पमा कालीगण्डकीमाथि बेलिब्रिज निर्माण गर्न सकिने भए पनि तत्कालका लागि त्यो असम्भव भएको छ । कालीगण्डकी कोरिडोर र करिडोरको वैकल्पिक सडकका रुपमा रहेको बागलुङ-कुश्मिसेरा सडकखण्डमा माथिबाट खस्ने पहिरोले दुवै सडक र त्यस क्षेत्रको बस्तीलाई क्षति पुऱ्याउँदै आएको छ।

अठार करोडको डिपीआर बनेको परियोजनालाई रु ६० लाख बजेट प्रदेशले पठाउँदा समस्या भएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो । “हामीलाई करोडौं चाहिन्छ, स्थानीय सरकारले आफ्नो ढङ्गले पहिरोमा जाली भर्ने, डोजरले सडक सुचालु गर्दै आएका छौं”, उपप्रमुख खड्काले भन्नुभयो, “अध्ययन गर्न नै तीन वर्ष लाग्यो रु १८ करोडको लागतमा समस्या समाधान गर्न सकिने भनियो तर रु ६० लाख आएपछि समस्याको दीर्घकालीन समाधान गर्न वर्षौं लाग्ने देखियो, नगरपालिकाले अस्थायी नाली निर्माण गरेर क्षति कम गराउने गरी भल तर्काउने नाली निर्माणमा जुटेको छ।”

पहिरोको दीर्घकालीन समाधान नहुँदा नगरपालिकाको लाखौं रकम नोक्सान भइरहेको बताउँदै उपप्रमुख खड्काले बर्खामा नगरपालिकाको डोजर गलुवामै राख्नुपर्ने अवस्था रहेको बताउनुभयो । उहाँले प्रदेश र सङ्घीय सरकारको सहयोग आवश्यक रहेको बताउनुभयो । पहिरो नियन्त्रण र निर्माणका लागि ‘एक्सप्लोरर जियोलोजिकल कन्सल्टेन्सी’ले अध्ययन गरेर रु पाँच करोड लागतमा सडक पुनःनिर्माण गर्न सुझाव दिएको थियो । पुनः प्रदेश सरकारबाट गरिएको अध्ययनमा रु १७ करोड ९९ लाख खर्च लाग्ने गरी उक्त डिपिआर पास भए पनि काम अगाडि बढ्न नसक्दा समस्या भएको हो।

सात सय ५० मिटर लामो र एक सय ५० मिटर चौडा पहिरोले सयौं रोपनी जमिन बगिसकेको छ भने १२ वटा घर जोखिममा परेका छन् । सडक मर्मतका लागि हालसम्म दुई वटा ठूला अध्ययन भए भए पनि त्यो अध्ययनमा मात्र समिति रहेको स्थानीय रामबहादुर भण्डारीले टिप्पणी छ।रासस

# हेटौँडामा माछाका भुरा उत्पादन र बिक्री बढ्दै

**बागमती** । बागमती प्रदेशको राजधानी हेटौँडामा सरकारीस्तरबाट गुणस्तरीय माछाका भुरा उत्पादनले यसको माग बढ्दै गएको छ । साथै यहाँ उत्पादित विभिन्न विकासे जातका माछाका भुराको बिक्रीसमेत बढ्दै गएको एक तथ्याङ्कले जनाएको छ।

प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्रको कार्यालय हेटौँडाको पोखरीमा अत्यन्त सतर्कता तथा सुरक्षाका साथ विभिन्न जातका माछाका भुरा तथा माछा उत्पादित भई किसानलाई बिक्री भइरहेको छ।

मकवानपुर, चितवन, सिन्धुली, नवलपरासी, बारा, पर्सा रौतहट र सर्लाहीलगायत अन्य जिल्लाका किसानले राम्रो नश्लका सो भुरा खरिद गरी लैजाने गरेको त्यहाँका कर्मचारी तथा प्राविधिकले जनाएका छन् । कार्यालयबाट प्राप्त विवरणअनुसार चालू आर्थिक वर्षको चैत १५ गतेसम्ममा एक करोड ५० लाख मसिनो ह्याचलिङ भुरा, १० लाख फ्राई भुरा तथा तीन लाख फिङ्लिङ भुरा बिक्री गरिएको तथा उक्त भुराको बिक्रीबापत रु सात लाख राजस्वसमेत सङ्कलन भएको जनाइएको छ । आउँदो तीन महिनामा थप अझै माछाका भुरा बिक्री हुने अनुमान गरिएको छ।

यसअघि उक्त कार्यालयबाट गत आर्थिक वर्ष चार करोड ३५ लाखभन्दा बढी माछाका भुरा उत्पादन गरी बिक्री गरिएको थियो । कार्यालय प्रमुख सरोज यादवका अनुसार विगतमा प्रत्येक वर्ष तीन करोडदेखि तीन करोड ३४ लाख माछाका भुरा उत्पादन तथा बिक्री हुँदै आएकामा व्यवस्थापनमा सुधार आएपछि गत



आर्थिक वर्षदेखि माछा र भुराको उत्पादनमा वृद्धि भएको बताइएको छ । त्यसका लागि कार्यालयमा भएका पोखरीको मर्मत तथा सुधार गरिएको छ ।प्रमुख यादवले थप भुरा र माछा उत्पादनका लागि पोखरीको क्षमता विकास, सरसफाइ, मर्मत र निर्माणको कामलाई निरन्तरता दिइएको बताउनुभयो । सो कार्यालयको हातामा रहेको माछा फार्मबाट विभिन्न सात जातका विकासे माछाको मात्र प्रजनन तथा भुरा बिक्री गदै आएको सो कार्यालयले हाल दुई जातका स्थानीय तथा लोपोन्मुख सहर तथा गर्दी जातको रङ्गीन कोइकार्प माछा प्रजनन तथा बिक्रीवितरणका क्रममा रहेको छ।

कार्यालयका अनुसार न्यानो पानीमा फस्टाउने सरकारीस्तरबाट सिफारिस गरिएका विभिन्न स्वदेशी माछा रहु, नैनी, माकुर तथा विदेशी माछा कमनकार्प, सिल्भरकार्प, बिगहेडकार्प, ग्रप्सकार्प गरी जम्मा सात जातका भुरा उत्पादन गरी विभिन्न जिल्लाका माछा किसानलाई बिक्रीवितरण गरिएको छ ।गत आर्थिक वर्षमा सो कार्यालयले रु ३१ लाखभन्दा बढी रकमका माछा र भूरा वितरण गरेको छ । एकीकृत मत्स्यपालन प्रणालीअन्तर्गत बङ्गुरपालन प्रणालीको सुरुआत गरिएको छ भने भौतिक संरचना सुधारका साथै आठ जीर्ण अवस्थामा रहेका पोखरीको मर्मत गरी सञ्चालनमा ल्याइएको कार्यालयका सूचना अधिकारी बलराम अधिकरीले बताउनुभयो।

मत्स्य सङ्ग्रहालयअन्तर्गत संरक्षित माछाको नमुना तथा लिभफिस म्युजियमको स्थापना तथा सञ्चालनको प्रक्रिया अगाडि बढाएको कार्यालय प्रमुख यादवले बताउनुभयो । आर्थिक वर्ष २०७५/७६ देखि राप्ती नदी, श्यार्फुताल, वाग्मती नदी, सामरी नदी, बकैया नदी, अरुण नदी, कोशी नदी कर्णाली नदी र बेगनाश काललगायतका नदी तथा तालमा माछाको विविधता जाँच तथा अभिलेख राखिएको छ । त्यसबाट ४५ प्रजातिका माछा नमुना सङ्कलन गरिनुका साथै पानीको गुणस्तरसमेत जाँच गरिएको कार्यालयले जनाएको छ। ग्रासकार्प माछाको आहारका रुपमा पोखरीको डिलमा उन्नत तथा पोसिलो जातका घाँस नेपियर वर्षीम, केरा, सुडान र जै घाँस आदिको तुलनात्मक अध्ययन भइरहको छ।

जलीय विविधता एवं प्रवर्द्धन तथा प्राकृतिक जलाशयमा आश्रित जनसमुदायको सामाजिक स्तरोन्नति र जीविकोपार्जनसँग सम्बन्धित विभिन्न किसिमका कार्यक्रम जस्तै खोलानालामा स्थानीय जातका भुरा छाड्ने जनचेतनामूलक होर्डिङ बोर्ड, गोष्ठीसभालगायका कार्यक्रम गर्दै आएको सो कार्यालयले जनाएको छ।

काठमाडौँ तथा स्थानीय हेटौँडा बजारका लागि खाने माछा उत्पादन गरी आपूर्ति गर्ने उदेश्यले २०२४ सालमा स्थापित सो कार्यालयको समयसापेक्ष काम र नाममा परिवर्तन हुँदै आएको छ । सो कार्यालयअन्तर्गत ४७ दशमलव शून्य नौ हेक्टर क्षेत्रफलमा माछा पोखरी छन् ।रासस

# सामाजिक सुरक्षा कोषबाट आठ




**काठमाण्डु** । सामाजिक सुरक्षा कोषले योगदानकर्तालाई विभिन्न सुविधाबापत रु आठ अर्बभन्दा बढी भुक्तानी गरेको छ । कोषले बिहीबारसम्म एक लाख ३५ हजार आठ सय ४३ योगदानकर्तालाई रु आठ अर्ब ४८ करोड भुक्तानी गरेको हो।

कोषले सबैभन्दा बढी वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत रु सात अर्ब २५ करोड ३३ लाख एक हजार तीन सय १८ भुक्तानी गरेको छ।

औषधि उपचार, स्वास्थ्य तथा मातृत्व योजनाबापत रु ९८ करोड ४३ लाख ७६ हजार तीन सय २२, दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रु ११ करोड ४७ लाख १९ हजार पाँच सय ४५ र आश्रित परिवार सुरक्षा योजनामा रु १३ करोड २८ लाख एक सय ६५ भुक्तानी गरेको छ।

कोषबाट एक लाख ३५ हजार आठ सय ४३ योगदानकर्ताले विभिन्न योजनाअन्तर्गत सुविधा लिएका प्रवक्ता विवेक पन्थीले जानकारी दिनुभयो । कोषले योगदानकर्तालाई औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार र वृद्धावस्था सुरक्षा योजनाबापत विभिन्न सुविधा उपलब्ध गराउँदै आएको छ।

कोषमा हालसम्म ५२ अर्ब ६३ करोड योगदान रकम जम्मा भएको छ। कोषमा औपचारिक, वैदेशिक रोजगारी, अनौपचारिक र स्वरोजगार गरी कुल १२ लाख ५७ हजार सात सय ९९ श्रमिक सूचीकृत भएका छन् । सूचीकृत हुनेमा वैदेशिक रोजगारीमा रहेका श्रमिकको सङ्ख्या बढी छ। सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने विषयलाई अनिवार्य गरेको छ।

बिहीबारसम्म औपचारिक क्षेत्रका चार लाख ९१ हजार दुई सय २३, वैदेशिक क्षेत्रका सात लाख ६६ हजार दुई सय ४३, अनौपचारिक क्षेत्रका दुई सय ५१ र स्वरोजगार क्षेत्रका ८२ जना सूचीकृत भएका कोषले जनाएको छ।


कोषमा १८ हजार आठ सय १९ रोजगारदता आबद्ध छन् ।रासस

# प्रतितोला एक हजार तीन सयले घट्यो सुनको मूल्य

**काठमाण्डु** । स्थानीय बजारमा पहेँलो धातुको मूल्य प्रतितोला रु एक हजार तीन सयले ओरालो लागेको छ। लगातार उकालो लागेको सुनको मूल्यमा शुक्रबार भने गिरावट देखिएको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार शुक्रबार छापावाला सुनको मूल्य प्रतितोला रु एक लाख ३२ हजार सात सय निर्धारण भएको छ । बिहीबार छापावाला सुन प्रतितोला रु एक लाख ३४ हजारमा कारोबार भएको थियो।

यस्तै, तेजाबी सुन पनि तोलामा रु एक हजार तीन सयले ओरालो लागेको छ। बिहीबार प्रतितोला रु एक लाख ३३ हजार तीन सय ५० मा कारोबार भएको तेजाबी सुन शुक्रबारका लागि भने रु एक लाख ३२ हजार ५० निर्धारण भएको हो।



यसैगरी, चाँदीको मूल्यमा पनि सामान्य गिरावट आएको छ । महासङ्घका अनुसार चाँदीको मूल्य शुक्रबारका लागि प्रतितोला रु एक हजार छ सय १५ निर्धारण भएको छ । बिहीबार चाँदी प्रतितोला रु एक हजार छ सय ५० मा कारोबार भएको थियो । यस आधारमा चाँदी तोलामा रु ३५ ले घटेको छ ।रासस

# चार सय रोपनी क्षेत्रफलको धानखेतीमा रोगको प्रकोप नियन्त्रण

**दमौली** । तनहुँको आँबुखैरेनी गाउँपालिकाले धानबालीमा लाग्ने रोगको प्रकोप नियन्त्रणलाई प्राथमिकता दिएको छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा गाउँपालिकाका सबै वडामा गरी चार सय रोपनी क्षेत्रफलको धानखेतीमा लागेको रोगको प्रकोप नियन्त्रण गरेको हो।

कृषिबाली संरक्षण कार्यक्रमअन्तर्गत धानबालीमा लाग्ने रोग नियन्त्रणलाई प्राथमिकतामा राखिएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “धानबालीमा विभिन्न रोगको प्रकोप आउँछ, फड्के किराको प्रकोप, गवारोको प्रकोप, पतेरोको प्रकोपलगायतका समस्या आउँछन्, त्यस्तो प्रकोप नियन्त्रणका लागि पालिकाले योजना बनाएर काम गरिरहेको छ।”

गाउँपालिकाका छ वडामा चार सय रोपनी क्षेत्रफलमा त्यस्ता रोगको प्रकोप नियन्त्रण गरिएको केसीले जानकारी दिनुभयो । उहाँका अनुसार कृषि बाली संरक्षण कार्यक्रमअन्तर्गत नै ४० रोपनी क्षेत्रफलमा गरिएको तरकारी बालीको रोग नियन्त्रण गरिएको छ । उहाँले भन्नुभयो, “यो कार्यक्रमअन्तर्गत गाउँपालिकाले प्राविधिक सहयोग, विषादी र स्प्रे पम्प, व्यक्तिगत सुरक्षा सामग्री निःशुल्क प्रदान गरेको छ।” आगामी दिनमा वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि पनि गाउँपालिकाले कार्ययोजना बनाएको छ।

उहाँले भन्नुभयो, “कृषकले खेती गरेको बालीमा बाँदर, बँदेल, मृगलगायतले क्षति पुऱ्याउँदा कृषकलाई नोक्सानी भइरहेको छ। यसका लागि के गर्न सकिन्छ त्यसतर्फ अगाडि बढेका छौं ।” केसीले सुन्तला र तरकारीखेती गर्ने कृषकको माग तथा आवश्यकताअनुसार असिना छेक्ने जालीको व्यवस्था गरिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “सुन्तला र तरकारी बढी उत्पादन हुने क्षेत्रका कृषकलाई असिनाबाट बाली बचाउन जाली निःशुल्क वितरण गर्छौं, त्यसका लागि कृषकबाट आवेदन माग गरिनेछ।”

यसैगरी कृषि शाखाले कृषकलाई मकैको बीउसमेत वितरण गरेको छ । गत आर्थिक वर्षमा परेको लामो खडेरीका कारण कृषकबाट मकैको बीउ संरक्षण हुन नसकेकाले शाखाले यस वर्ष कृषक समूहलाई भूगोलअनुसारको उन्नत जातको मकैको बीउ सहयोग गरेको केसीले जानकारी दिनुभयो । गाउँपालिकाले निःशुल्करुपमा मकैको बीउ उपलब्ध गराएपछि कृषक खुसी भएका छन् ।रासस

# प्रदेश र स्थानीय तहको समन्वय आवश्यक: मुख्यमन्त्री



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेश र स्थानीय तहको समन्वय आवश्यक रहेको बताएका छन् ।

जनकपुरधाममा शुक्रबार मुख्यमन्त्री यादवले संविधानले परिकल्पना गरे अनुसार नै प्रदेश सरकार र स्थानीय तहको समन्वय र सहकार्यमा जोड दिएमा संघीयता बलियो हुने बताए ।

नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरे पनि प्रदेश र स्थानीय तह बीचको समन्वयलाई व्याख्या नगरी संघीयतालाई नै कमजोर गर्ने काम गरेको भए पनि संघीयतालाई बलियो पार्न स्थानीय तह र प्रदेश सरकार बीच समन्वयले प्रभावकारी हुने उनले स्पष्ट पारे ।

संघीयता मधेशलाई नै चाहिएको उल्लेख गर्दै उनले स्थानीय तह र प्रदेश सरकारलाई एकजुट भएर अघि बढनु पर्ने बताए । स्थानीय तहको परिषद् बैठकमा समेत प्रदेशसभा सदस्यहरुलाई प्रतिनिधित्व गराउन आग्रह गर्दै मुख्यमन्त्री यादवले प्रदेशको प्रतिनिधित्व गराइए स्थानीय तहलाई फाइदै हुने बताए ।

संघीयताले मधेशको गाँउ गाँउसम्म विकासको अनुभूति गराएको दावी गर्दै मुख्यमन्त्री यादवले विगतका राजतन्त्र देखि प्रजातन्त्रसम्म मधेशले भोगेको हविगत सबै सामु छर्लंग रहेको बताए ।

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय मधेश प्रदेश र नेपाल कानून समाजको संयुक्त आयोजनमा सम्पन्न प्रदेश र स्थानीय सरकारको प्रभावकारी समन्वय र सहकार्यको वर्तमान अवस्था र भावि रणनीति विषयक अन्तरक्रिया कार्यक्रममा मुख्यन्यायाधिवक्ता विरेन्द्र कुमार ठाकुरले मधेश सरकारबाट निर्माण भएको कानुन कार्यान्वयनको अवस्था र चुनौती तथा नेपाल कानुन समाजका कार्यक्रम निर्देशक मोहन लाल आचार्यले प्रदेश र स्थानीय तहको समन्वयको अवस्था विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

# चिट चोरीको हल्ला फैलाएर काठमाण्डुको कलेज भर्ने रणनीति

ब्लग :



श्यामसुन्दर शशि

विद्यार्थी जीवनको 'फलामे ढोका' भनिने पुरानो एसएलसी र नयाँ एसईई (सेकेण्डरी एजुकेशन एजाम) सुरु हुने वित्तिकै शिक्षक, कर्मचारी, प्रहरी-प्रशासन, एनजीओ, जनप्रतिनिधि, शिक्षाप्रेमी, संचारकर्मी आदि इत्यादिको चहलपहल तीव्र हुन्छ । परीक्षामा निरीक्षक, गार्ड, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष तथा अनुगमनकर्ताको रुपमा सहभागी गराइ दिन भएभरका जोड-दम लगाइन्छ । टाठा-बाठाहरु प्रवशपत्र पनि प्राप्त गर्छन् । अनि सुरु हुन्छ- परीक्षा केन्द्रहरुमा अनुगमनकर्ताहरुको ओहोर-दोहोर । परीक्षाहलभित्र अनपेक्षित व्यक्तिहरुको अनावश्यक ओहोर-दोहोरले विद्यार्थीहरुको मन मस्तिष्कमा कस्तो प्रभाव पर्छ ? अनुगमनकर्ताहरुको चासोको विषय भएन । चिट समातेर, परीक्षार्थी र गार्डमाथि कारबाही गरे पुग्यो ।

अनि अर्को दिनदेखि पत्रपत्रिका, रेडियो, टेलीभिजनदेखि सामाजिक सञ्जालका पर्खालहरुमा ठुल्ठुला अक्षरमा लेखिन थाल्छन्- 'मधेशका विद्यालयहरुमा चिट चोरी भयो । अमुक विद्यालयबाट अमुक संख्यामा विद्यार्थी र निरीक्षक समातिए । अमुक थान मोबाइल नियन्त्रणमा लिइयो । दोषीमाथि कडा कारबाही गर्ने स्थानीय प्रशासनको चेतावनी । आदि आदि ।' मधेशका विद्यालयहरुमा चोरी भएको समाचार पटक पटक पढे र देखे-सुनेका कापीजाँचकीहरुले मधेशका विद्यार्थीहरुको कापी जाँच्ने बेला कुन मनोविज्ञानले काँपी काटेको होला, सहजै अनुमान गर्न सकिन्छ ।

मधेशमा हुने एसईईको परीक्षा होस् कि प्लश टू वा युनिभर्सिटीको, यसमा चिट चोरी हुन्छ भन्ने भाष्य नयाँ होइन । परीक्षाहरुमा चिट चोरीको सिधा सम्बन्ध राजनीतिसंग छ । राजनीतिक आन्दोलनहरुसंग छ । २०३६ सालको जनमत संग्रहको सेरोफेरोमा भएको एसएलसी परीक्षामा नेपालभरि नै चिट चोरी भएको स्मरण धेरैलाई होला । २०४६ सालको आन्दोलनताका पनि चिट चोरिएको थियो । २०६२/२०६३ को मधेश विद्रोहदेखि सुरु भएको चिट चोर्ने परम्परा भने कमोवेश अहिले पनि जारी छ ।

> “ अध्ययनको नामका मुलुकबाट वर्षेनि अर्बौं रुपियाँ विदेश गएको भन्दै नेपाल सरकार गोहीको आँसु चुहाउँदै छ । मधेशबाट पनि शिक्षाको नाममा वर्षेनि करोडौं रुपियाँ विदेश र काठमाण्डु जाँदै छ । यसलाई रोक्न मधेश सरकारसंग कुनै योजना छ ? मधेशका विद्यार्थीलाई काठमाण्डु तान्ने भाष्यको जवाफ मधेश सरकारसंग छ ?

विद्यार्थीहरु किन चिट चोर्न खोज्दै छन् ? यसका लागि अभिभावकहरु किन सहजकर्ताको भूमिका निर्वाह गर्न तयार हुन्छन् ? विद्यार्थीहरुको सिकाई पुगेन कि? विद्यालयमा विषयगत शिक्षक, न्यूनतम भौतिक संरचना, पढ्न सक्ने वातावरणको अभाव छ कि ? परीक्षा हलभित्रै प्रवेश गरेर चिट चोर्ने परीक्षार्थी र निरीक्षक माथि कारबाही गर्ने हैसियतका पदाधिकारीले यस विषयमा पनि ख्याल गरी दिँदा चिट चोर्ने बाटोलाई सँधैका लागि थुन्न सकिन्छ । परीक्षाहल भित्र प्रवेश गरेर परीक्षार्थीलाई डिस्टर्व गर्नुको सट्टा प्रवेश विन्दुमै सम्पूर्ण अवाञ्छित सामग्रीहरु नियन्त्रणमा लिने अनि परीक्षा केन्द्रको वरिपरि सुरक्षा व्यवस्था कडा बनाए पछि चिटको स्रोत नै थुनिन्छ । हो, बेला बेला परीक्षा केन्द्र भित्र फ्लेप बनाउँने शिक्षकहरु पनि भेटिन्छन् । यस्ता माथि कारबाही गर्न अति सजिलो छ ।

तर सरोकारबालाहरुको उद्देश्य चिट चोर्न रोक्नु भन्दा पनि काठमाण्डुले बनाएको भाष्यलाई निरन्तरता दिनु देखिन्छ । अनि अभिभावकहरु भन्न थाल्नु हुन्छ - 'मधेशका स्कूल र कलेजमा चोरी हुन्छ । बालबालिकाको उज्वल भविष्यका लागि काठमाण्डुमा नाम लेखाऔं ।' यदि काठमाण्डुका सबै कलेज असल छन् भने काठमाण्डुका हुने खाने वर्गका बालबालिका उच्च शिक्षाका लागि अष्ट्रेलिया, अमेरिका, कानाडा, इंग्लैण्ड किन जान्छन ? फेरि कस्तो अचम्म, मधेशका शिक्षकहरुले नै मैथ, साइन्स आदि विषय पढाउने काठमाण्डुका कलेजहरु उत्कृष्ट र जनकपुरधामका खराब?

मधेशमा योग्य शिक्षकको कमी छैन । भौतिक संरचनाले भरिपूर्ण अनेकौं विद्यालयहरु छन् । जनकपुरधाम भन्दा १६ किलो मिटर पूर्वमा अवस्थित सुदूर गाउँ गिद्धा-बेलापटी( तिनकौरिया चोक) मा जनता नमुना माध्यमिक विद्यालय छ । प्राविधिक धारको यस स्कुलमा झण्डै ७ हजार विद्यार्थी अध्ययनरत छन् । ७७जना शिक्षक कार्यरत छन् । विद्यालयमै प्राथमिक स्वास्थ्य केन्द्र, योग केन्द्र, कम्प्युटर लैब, भेटेनरी लैब आदि सम्पूर्ण सुविधा छन् । मधेशका आठवटै जिल्लाका विद्यार्थी सुदूर गाउँको यस विद्यालयमा अध्ययनरत छन् । यो विद्यालय सर्वाधिक विद्यार्थी संख्या भएका मुलुकका विद्यालयहरुमध्ये यो विद्यालय तेश्रो हो । प्रधानाध्यापक पवनकुमार मण्डल यसलाई मुलुककै पहिलो विद्यालय बनाउने लक्ष्य लिएका छन् । उनि भन्छन-'विद्यार्थी संख्या मात्र होइन, गुणस्तरीय शिक्षाको श्रेत्रमा पनि मुलुकको पहिलो विद्यालय बनाउने लक्ष्य छ ।'

कुनै जमानामा धनुषामा नाम चलेका सरस्वती, जानकी, कन्या, बरकुर्वा, यदुकुहा, धबौली आदि विद्यालयहरु अचेल धराशायी बन्दै छ । चिट चोर्न रोक्नुको साथै सरोकारवालाहरुले यी विद्यालयहरुकोदशा-दिशामाथि ध्यान केन्द्रित गर्नु बेस होला कि ?

अध्ययनको नामका मुलुकबाट वर्षेनि अर्बौं रुपियाँ विदेश गएको भन्दै नेपाल सरकार गोहीको आँसु चुहाउँदै छ । मधेशबाट पनि शिक्षाको नाममा वर्षेनि करोडौं रुपियाँ विदेश र काठमाण्डु जाँदै छ । यसलाई रोक्न मधेश सरकारसंग कुनै योजना छ ? मधेशका विद्यार्थीलाई काठमाण्डु तान्ने भाष्यको जवाफ मधेश सरकारसंग छ ? मधेश सरकारका सरोकारवालाहरुसंग आग्रह एक पटक तिनकौरिया माविको स्थलगत निरीक्षण गर्नु होस् ।

# इजलासमै नारावाजी गर्नेमाथि मानहानी मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । हत्या आरोपिलाई सफाइ दिएको भन्दै उच्च अदालत जनकपुरको इजलासमै पीडित पक्षले नाराबाजी गरेका छन् । नारावाजी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

धनुषाको सबैला नगरपालिका-१ की सिकिलदेवी गडेरी र श्यामकिशोर साह सहितको जाहेरीका आधारमा सरकारवादी मुद्दामा आरोपिलाई उच्च अदालतले शुक्रबार सफाइ दिएको छ । सोप्रति असन्तुष्टी जनाउँदै पीडित पक्षले इजलासमै नाराबाजी गरेको छ ।



नारावाजी गरेको आरोपमा धनुषा प्रहरीले सञ्जीव राउत र रामसागर साहलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकाहरुमाथि अदालतले मानहानीको मुद्दा चलाएको छ ।

उच्च अदालत जनकपुरका न्यायाधिशद्वय किरणकुमार पोखरेल र ओमप्रसाद अर्यालको संयुक्त इजलासले धनुषा जिल्ला अदालतको फैसला उल्टाउँदै २८ जना प्रतिवादीलाई सफाइ दिएको छ । धनुषा अदालतले महेश यादव, महेन्द्र यादव, रामविहारी भन्ने लालबिहारी यादवलाई कर्तव्य ज्यान मुद्दामा जन्मकैदको सजाय सुनाएको थियो ।

त्यस्तै जगदीश यादव, पुष्पनारायण यादव, रामविलास यादव, प्रदीप यादव, बुधेश्वर यादव, राजदेव यादव, सीताशरण यादव, देवलाल यादव, लक्ष्मीनारायण यादव, सन्तोष यादव, जगदीश राउत, महेन्द्र यादव, जिवछ यादव, दुर्गाप्रसाद साह, देवनारायण मण्डल र अच्छेलाल महतोलाई एक-एक वर्ष कैद सजाय फैसला गरेको थियो ।

सबैलाई उच्च अदालत जनकपुरले सफाइ दिएको उच्च अदालतका उप रजिस्ट्रार सुशील कुमार यादवले जानकारी दिए ।

सबैला स्थित तत्कालीन मदन आश्रित निम्न माध्यमिक विद्यालयको व्यवस्थापन समितिको निर्वाचनको विषयमा २०७१ चैत ८ गते छलफल भइरहेको बेला विवाद भएको थियो । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले)को एक पक्ष विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा कसलाई उम्मेदवार बनाउने विषयमा रामदेव ठाकुरको घरमा बसेर छलफल गरिरहेको थियो । सोही क्रममा तत्कालीन एमालेका वैकल्पिक केन्द्रीय सदस्य समेत रहेका योगनारायण यादवको नेतृत्वको समूहले आक्रमण गरेको थियो ।

सो आक्रमणबाट रामसेवक राउत गडेरी गम्भीर घाइते भएका थिए । भने उनलाई उपचारका लागि काठमाण्डु लग्दै गर्दा बाटोमै मृत्यु भएको थियो ।

त्यस्तै छलफलमा सहभागी रामप्रकाश यादवलाई भने सोही राति १ बजे गोली हानी हत्या गरिएको थियो ।

दुवैका आफन्तको जाहेरीका आधारमा आक्रमण गर्नेहरू विरुद्ध मुद्दा दायर भएको थियो ।

त्यतिबेला धनुषा जिल्ला अदालतले दोषी ठहर गर्दै कैद सजायसमेत दिएको थियो । तर उच्च अदालत जनकपुरले भने धनुषा जिल्ला अदालतको फैसलालाई उल्टाउँदै सबैलाई सफाइ दिएपछि पीडित पक्षले शुक्रबार इजलासमै नाराबाजी गरेका थिए ।

यता उच्च अदालत जनकपुरको इजलास नम्बर ४ को ढोका अगाडि नारावाजी गरेकाहरुलाई मानहानीको मुद्दामा तीन/तीन हजार रुपैयाँ धरौटीमा आउँदो वैशाख १२ गते पेसी हुने गरी रिहा गरेको जनाइएको छ ।




# मानव अधिकारको सवालमा प्रदेश सरकार गम्भीर



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले मानव अधिकार रक्षकहरुको सवालमा आफू गम्भीर रहेको बताएका छन् ।

उनले अधिकार प्राप्तिको सवालमा मानव अधिकार रक्षकले उठाउँदै आएका विषयवस्तुहरुप्रति प्रदेश सरकारले गर्न सक्ने सहयोगका लागि आफू प्रतिबद्ध रहेको बताए ।

पूरक एसिया, मुक्ति नेपाल र महिला राष्ट्रिय सञ्जालले जनकपुरधाममा गरेको दुई दिने कार्यक्रममा बोल्दै मन्त्री लेखीले मानव अधिकार रक्षकहरुले उठाएका पहिचान, रोजगारीको ग्यारेन्टी र सूचना प्राप्तिसहितका विषयमा प्रदेश सरकारले छलफल गरी अघि बढ्ने बताए ।

मधेश प्रदेश समतल भूभाग भए पनि मानव सूचकांकको दृष्टिकोणले शिक्षा, स्वास्थ्यसहित विभिन्न क्षेत्रमा पछाडि रहेको भन्दै त्यसलाई सुधारका लागि हामी सबैको साथ सहयोग आवश्यक भएको उनले बताए ।


सो कार्यक्रममा मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता वीरेन्द कुमार ठाकुरले केन्द्रिकृत शासन व्यवस्था रहँदासम्म विभिन्न खालका समस्याहरु आइरहने बताए ।

उनले मानव अधिकार रक्षकहरु पनि दलगतरुपमा प्रस्तुत हुँदा असुरक्षित हुनु परेको भन्दै दलीय आस्थालाई त्यागेर अघि बढ्नुपर्ने उनले बताए ।

सो कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. सुरेन्द्र लाभले मानव अधिकार रक्षकहरु गरिब निमुखा जनताको रक्षक भएको भन्दै तिनीहरुको पहिचान कायम गरी राज्यले पेशागत सुरक्षा दिनुपर्नेमा जोड दिए ।

मुक्ति नेपालका देवकुमारी महराको अध्यक्षतामा भएको सो कार्यक्रममा बोल्ने अधिकांश मानव अधिकार रक्षकहरुले मानव अधिकार रक्षकहरुलाई परिचयपत्रको व्यवस्था गर्नुका साथै पेशागत ग्यारेन्टी र राज्यका निकायहरुले सूचनाको पारदर्शी गर्नु पर्नेमा जोड दिए ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८